का.जि.प्र.का.द.नं. १००/०५९/६०

१ चैत २०७९,

बुधबार

15 March 2023,

Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २१, अंक ४९ । पृष्ठ १०

Madhyanha National Daily

www.madhyanhadaily.com



# चिन्न नसकिएको प्रतिपक्षी

विपक्षी दलको नेताको दाबी उपरको तीन वटा निवेदन सभामुखको टेबुलमा छ । सर्वोच्च अदालतमा परेको रिट विचाराधीन छ । टुंगो नलाग्दा संसद् बैठक बस्न सकेको छैन् । नागरिकले पनि तीन महिनासम्म विपक्षी दल कुन हो थाहा पाउन सकिरहेका छैनन् ।

## कांग्रेसले बोलायो बैठक

विपक्षी दलको नेतामा विवाद भइरहेका बेला नेपाली कांग्रेसले सरकारमा सहभागिताबारे छलफल गर्न बैठक बोलाएको छ ।

नेताहरूका अनुसार केन्द्रीय कार्यसम्पादन समितिको बैठक बोलाएको हो । भोलि बुधबार बिहान ११ बजे पार्टीको केन्द्रीय कार्यालय वीपी स्मृति भवन, वीपी नगर, ललितपुरमा बस्ने बैठकमा उपराष्ट्रपति पृष्ठ २ मा

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

नेकपा एमालेले प्रमुख विपक्षी दलको मान्यताका लागि संघीय संसद् सचिवालयलाई पत्र लेखेको छ । एमालेले संसदीय दलका नेता केपी शर्मा ओलीलाई विपक्षी दलको नेताको मान्यता माग गरेको हो ।

१५ फागुनमा बसेको एमाले सचिवालयको बैठकले सरकारलाई दिएको समर्थन फिर्ता लिने निर्णय गरेको थियो । सोही निर्णयका आधारमा एमाले महासचिव शंकर पोखरेलले संसद् सचिवालयलाई पत्र पठाएर ओली स्वतः प्रतिनिधिसभाको विपक्षी दलको नेता भएको उल्लेख गरेका हुन् ।

यो सँगै विपक्षी दलको नेताको दाबी उपरको तीन वटा निवेदन सभामुखको टेबुलमा पुगेको छ । यसअघि नै नेपाली कांग्रेसले प्रमुख विपक्षी दलको नेतामा दाबी गर्दै संसद् सचिवालयलाई पत्र लेखेको छ । कांग्रेसलाई विपक्षी दलको पृष्ठ २ मा

# १३ महिनादेखि न्यायालय नेतृत्वविहीन

२०७८ फागुन १ गते तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि संसदमा महाभियोग दर्ता भएयता अदालत कायममुकायमका भरमा चलिरहेको छ । यसबीचमा सुरुमा कायममुकायम दीपककुमार कार्कीले सम्हाले, दीपककुमारले अवकाश पाएपछि हरिकृष्ण कार्कीले कायममुकायमको जिम्मेवारी सम्हालिरहेका छन् ।



**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

सर्वोच्च अदालत नेतृत्वविहीन भएको १३ महिना पुगेको छ । २०७८ फागुन १ गते तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर जबरामाथि संसदमा महाभियोग दर्ता भएयता अदालत कायममुकायमका भरमा चलिरहेको छ ।

यसबीचमा अदालत कायममुकायम प्रधानन्यायाधीश दीपककुमार कार्कीको नेतृत्वमा चल्यो । असोज १७ देखि कार्कीले अवकाश पाएपछि पुनः हरिकृष्ण कार्कीले कायममुकायमको जिम्मेवारी सम्हालिरहेका छन् । महाभियोग लागेका प्रधानन्यायाधीश जबराले मसिंर २७ गते उमेरहदका कारण अवकाश पाएको तीन महिना पूरा भयो । तर, फेरि पनि प्रधानन्यायाधीश सिफारिस हुन सकेको छैन् ।

प्रधानन्यायाधीश रिक्त हुनुभन्दा एक महिनाअघि नै सिफारिस गर्नुपर्ने संवैधानिक व्यवस्था छ । संविधानको धारा २८४(३)ले पद रिक्त हुनुभन्दा एक महिनाअघि सिफारिसको व्यवस्था गरेको छ । उक्त उपधारामा भनिएको छ, 'संवैधानिक परिषद्ले प्रधानन्यायाधीश वा कुनै संवैधानिक निकायका कुनै प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिना अगावै यस संविधानबमोजिम नियुक्तिका लागि सिफारिस गर्नुपर्नेछ ।'

तर कार्यकाल सकिनुअघि सिफारिस होइन सिफारिसको कार्यविधि समेटिएको संवैधानिक परिषद्सम्बन्धी ऐनको कानुनी शून्यता पूर्ति नै भएको छैन । संवैधानिक परिषद्को सचिवालयको समेत हेर्ने प्रधानमन्त्री कार्यालयले कानुन अभावका कारण प्रधानन्यायाधीश सिफारिस नभएको जनाएको छ । प्रधानन्यायाधीश सिफारिसको ढिलाइबारे अधिवक्ता कपिलदेव ढकाललाई सूचना दिँदै कार्यालयले कानुन नबन्दासम्म सिफारिस नहुने स्पष्ट पारेको छ । ' अध्यादेशले संशोधन गरेको उक्त व्यवस्था हाल कायम नरहेका कारण पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# ऐन संशोधनबारे मन्त्रालयले संघसँग माग्यो सुझाव

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन

श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयले वैदेशिक रोजगार ऐन २०६४ मा संशोधनका लागि छलफल अघि बढाएको छ । मन्त्रालयले नेपाल वैदेशिक रोजगार व्यवसायी संघलाई ऐन संशोधनका विषयमा लिखित सुझाव माग गरेको छ ।

संघका महासचिव मेघनाथ भुर्तेलले बुधबार संघको कार्यालयमा संघलाई छातासंस्था मान्दै आएका विभिन्न राजनीतिक दल निकट, जातीय तथा भेगीय संस्थाका अध्यक्ष तथा महासचिवहरूसँग ऐनमा गर्नुपर्ने संशोधनका सम्बन्धमा सुझाव लिने तयारी गरेको मध्यान्हलाई बताए ।

संघले हालको वैदेशिक रोजगार ऐन प्रवर्द्धनभन्दा नियन्त्रणमुखी रहेको भन्दै धेरै अगाडिदेखि संशोधनको माग गर्दै आएको छ । खासगरी ऐनमा रहेको वैदेशिक रोजगार व्यवसायीहरूको इजाजतपत्र नवीकरणका लागि वार्षिक एक सय जना कामदार अनिवार्यरूपमा पठाउनुपर्ने, वैदेशिक रोजगार व्यवसायीले ओरियन्टेसन तथा मेडिकल सञ्चालन गर्न नपाउनेजस्ता प्रावधानलाई खारेज गर्न माग गर्दै आएको छ ।

संघले ऐन संशोधनको विषय दीर्घकालीनरूपमा सहज बनाउन पहल गर्ने भन्दै गत शुक्रबार वरिष्ठ अधिवक्ताद्वय शम्भु थापा तथा शम्भु निरौला र अधिवक्ता देवराज कटुवाललाई कानूनी सल्लाहकारमा मनोनयन गरेको थियो ।

महासचिव भुर्तेलले घटक संस्था तथा कानूनी सल्लाहकारहरूसँग छलफलपछि बिहीबार मन्त्रालयमा हुने छलफलमा संघको धारणा राख्ने जानकारी दिए । व्यवसायीहरूले श्रम स्वीकृतिको प्रक्रियालाई पनि संशोधन गर्न माग गर्दै आएका छन् । पृष्ठ २ मा

### नेपाली कामदारको तलब बढाउन सभामुखको आग्रह



काठमाडौं/रासस- अन्तरव्यवस्थापिका संघ (आइपीयु)को १४६औं महासभामा भाग लिन बहराइन गएका सभामुख देवराज घिमिरेले नेपाली श्रमिकको अवस्थाबारे जानकारी लिएका छन् । मंगलबार बिहान मानमास्थित नेपाली दूतावासमा पुगेका सभामुख घिमिरेले राजदूत तीर्थराज वाग्ले तथा दूतावास अधिकारीलगायतसँग नेपाली श्रमिकको अवस्थाबारे जानकारी लिएका हुन् । पृष्ठ २ मा

## अनुदार सरकार

# मारमा किसान

मलको निरन्तर बढ्दो खरिद लागत तथा न्यून विक्री मूल्यले गर्दा अनुदान रकममा नेपाल सरकारले धेरै नै बजेट खर्चिन पर्ने अवस्था आएको मन्त्रालयका अधिकारीहरु बताउँछन् ।

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, ३० फागुन ।

सरकारले रासायनिक मलको भाउ बढाएपछि देशभरिकै किसान चिन्तित बनेका छन् । समयमै मल नपाएर वर्षेनी बाली बिग्रिरहेका किसानहरु तीन चौथाईले भाउ बढेपछि थप चिन्तित बनेका हुन् । नेपालमा आयात हुने रासायनिक मलमध्ये युरिया मलको हिस्सा ५६ प्रतिशत रहेको तथ्यांकले देखाउँछ ।

मल आपूर्ति तथा वितरण व्यवस्थापन समितिको बैठकले युरियाको बिक्री मूल्य प्रतिकेजी २५ रुपैयाँ पुऱ्याएको छ भने यसअघि प्रतिकेजी १४ रुपैयाँ मात्रै रहेको थियो । त्यसैगरी, ४३ रुपैयाँ किलो रहेको डीएपी मलको मूल्य प्रतिकेजी ५० रुपैयाँले बढेको छ भने ३१ रुपैयाँ केजी रहेको पोटास मलको मूल्य ४० रुपैयाँ पुगेको छ ।

मलको निरन्तर बढ्दो खरिद लागत तथा न्यून विक्री मूल्यले गर्दा अनुदान रकममा नेपाल सरकारले धेरै नै बजेट खर्चिन पर्ने अवस्था आएको मन्त्रालयका अधिकारीहरु बताउँछन् । मन्त्रालयका प्रवक्ता प्रकाश कुमार सञ्जेलले अमेरिकी डलरसँग नेपाली मुद्राको विनिमय दर खस्किदाँ र अन्तर्राष्ट्रिय बजारमा रासायनिक मलको मूल्यको वृद्धि भएका कारण भाउ बढेको बताएका हुन् ।

कृषि सामाग्री कम्पनी लिमिटेडका अनुसार नेपालमा बर्षेनी ९ लाख मेट्रिकटन मलको माग हुने गरेको छ । तर, बजारमा मल अभाव हुँदा ४ देखि ५ लाख मेट्रिकटन मल तस्करी मार्फत विक्रीवितरण भईरहेको छ ।

साल्ट ट्रेडिङ कर्पोरेसन र कृषि सामग्री कम्पनीले मल ल्याउन टेन्डर गर्दै आएका छन् । एक दर्जनभन्दा धेरै मल बिक्रेता कम्पनीमार्फत मल टेन्डर गरी नेपालमा ल्याउन ठेक्का आह्वान गर्दा पनि कम्तीमा तीन-चार महिना लाग्ने गरेको छ । तर, टेन्डरको जिम्मा पाएका कम्पनीले समेत भारतमा मल किन्न दुई महिना कुर्नुपर्ने र खरिद गरेको मल ल्याउन एक महिना लाग्ने बताउँदै वर्षेनी बजारमा मलको अभाव गराईरहेको छ । तरपनि, सरकारले कृषकलाई समयमा मल उपलब्ध गराउने र वास्तविक किसानलाई अनुदान उपलब्ध गराउनै सकेको छैन ।

चालू आर्थिक वर्षका लागि ३ लाख ३१ हजार ५०० मेट्रिक टन आयातको सम्झौता भएकोमा पृष्ठ २ मा

# उच्चस्तरीय प्रशासन सुधार आयोग बनाउने तयारी

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन



सरकारले प्रशासनिक क्षेत्रमा देखिएका समस्याहरू सम्बोधन गर्नका लागि उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गर्ने तयारी गरेको छ । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मातहतका कार्यालयहरूको दोस्रो चौमासिक समीक्षा तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समितिको बैठकलाई सम्बोधन गर्दै प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले यस्तो बताएका हुन् । उनले प्रधानमन्त्रीकै नेतृत्वमा उच्चस्तरीय प्रशासन सुधार आयोग गठन गरिने बताए । 'प्रशासनिक क्षेत्रमा विद्यमान समस्या समाधानका निम्ति सरकारले गम्भीर पहल गर्ने तयारी गरिरहेको छ । यसको समाधानमा हामीले विलम्ब गर्नु हुँदैन', प्रधानमन्त्रीले भने, 'कर्मचारी प्रशासन र जनअपेक्षाबीच ठूलो खाडल छ । बदलिँदो परिस्थिति, लोकतान्त्रिक प्रणाली र जनअपेक्षा सम्बोधन गर्नेगरी आयोग गठनको तयारी गरिएको छ । केही समयभित्रै आयोग बन्छ । त्यसको नेतृत्व प्रधानमन्त्रीले नै गर्नेगरी व्यवस्था गर्न खोजिएको छ । आयोगमा विज्ञहरु रहने व्यवस्था गरिनेछ ।' आयोगको नेतृत्व प्रधानमन्त्रीले नै गर्ने र विज्ञ रहने व्यवस्था गरिने उनको भनाइ छ ।

प्रधानमन्त्री दाहालले कर्मचारी प्रशासनमा चाहिनेभन्दा बढी कर्मचारीको चापलाई कटौती गरिने बताए । उनले भने, 'ओभरस्टाफिङको समस्या छ । अनावश्यक संरचनाहरू छन् । तिनीहरू कटौती गरेर प्रशासनयन्त्र चुस्त बनाउनुपर्छ । त्यसका लागि आयोग गठन आवश्यक छ ।'

उनले वर्तमान सरकार आफ्नो घोषित लक्ष्यमा दृढतापूर्वक अगाडि बढ्ने बताए । प्रधानमन्त्री दाहालले भने, 'मैले नेपाल सरकारका सचिवहरूलाई दिएको निर्देशन, संसदमा गरेको सम्बोधन र नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रममा जे जति कुरा भनेको छु, तिनीहरू फेरिँदैनन् । कर्मचारी प्रशासनले पनि ती विषयलाई केन्द्रमा राखेर काम गर्नुपर्दछ ।'

यसबीचमा राजनीतिक समीकरणमा फेरबदल आएको भए पनि सरकारको नीति नफेरिने भन्दै उनले सामाजिक न्याय, सुशासन र समृद्धिको प्राथमिकतालाई दृढताका साथ अगाडि बढाउँछौँ उनले भने । 'त्यसमा हामी दृढ भएर अगाडि जान्छौँ । मन्त्रीहरू फेरिनुहुन्छ, तर सरकारको नीतिगत प्राथमिकता फेरिँदैन, त्यसैले आफ्नो काममा दत्तचित्त भएर लाग्नुस्, परिणाम दिनुस् ।'

### बेरूजु फछ्र्योटमा प्रगति

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सहसचिव महादेव पन्थले प्रस्तुत गरेको दोस्रो चौमासिक समीक्षामा प्रधानमन्त्री कार्यालय मातहतका निकायहरूको वार्षिक बजेट र दोस्रो चौमासिकसम्मको खर्च प्रगति, वार्षिक कार्यक्रम र माइलस्टोनको प्रगति, कार्यालयबाट सम्पादित कामहरू र मुख्य प्रगति विवरण, अघिल्लो बैठकका निर्णय र त्यसको कार्यान्वयनको अवस्था, समस्या तथा चुनौतीहरू, सुधारका लागि गर्नुपर्ने कामहरू लगायतका विषयहरू उल्लेख छन् ।

समीक्षामा बेरूजु फछ्र्योटमा विगतभन्दा राम्रो प्रगति भएको, जिआइएस नक्साङ्कन अनलाइन प्रकाशनको काम गरिएको, प्रधानमन्त्रीले नेपाल सरकारका सचिवहरूलाई दिएको निर्देशन, प्रतिनिधि सभामा प्रधानमन्त्रीको सम्बोधन र नेपाल सरकारको नीतिगत प्राथमिकता र न्यूनतम कार्यक्रम सम्बोधन गर्नेगरी एकीकृत कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइएको, राष्ट्रिय स्वास्थ्य सङ्कट व्यवस्थापन समन्वय केन्द्र स्थापनाका लागि निर्देशिका मस्यौदा गरिएकोलगायत विषय समेटिएको छ ।

विद्यालयस्तरीय शैक्षिक सुशासनको अवस्थाको अनुगमन, राष्ट्रिय नीति अनुसन्धान प्रतिष्ठानको काममा प्राथमिकता र गुणात्मक प्रगति, राजस्व सङ्कलन र अनुसन्धानका क्षेत्रमा विगतभन्दा ५२ प्रतिशतले प्रगति भएको समीक्षामा उल्लेख छ ।

राष्ट्रिय गौरवका आयोजना र ठूला राजमार्गहरूको निर्माण कार्यमा तीव्रताका लागि नियमित अनुगमन गरिएको, खर्च कटौतीको मापदण्ड तयार र कार्यान्वयनको प्रक्रियामा लगिएको, राष्ट्रिय तथा आन्तरिक सुरक्षा र राष्ट्रिय हितसम्बन्धी सूचना सङ्कलन, विश्लेषण र नियन्त्रणसम्बन्धी नीति मापदण्ड र योजनासम्बन्धी प्रतिवेदन तयार पारिएको, राहदानी विभाग, राष्ट्रिय परिचयपत्र, सवारी चालक अनुमतिपत्र कार्यालयलगायत सरकारी सेवाप्रदायक कार्यालयमा हुने ढिलासुस्ती र कठिनाइको नियमित अनुगमन गरी समस्या समाधानको पहल गरिएका विषय रहेका छन् ।

# राष्ट्रपतिको प्रमुख स्वकीय सचिवमा डा. चालिसे



**काठमाडौं / मस–** राष्ट्रपति रामचन्द्र पौडेलको प्रमुख स्वकीय सचिवमा पूर्वराजदूत डा. सुरेशचन्द्र चालिसे नियुक्त भएका छन् । राष्ट्रपतिको प्रमुख स्वकीय सचिवमा डा. चालिसेलाई नियुक्त गरिएको राष्ट्रपति कार्यालयले जनाएको छ । डा. चालिसे पूर्वप्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको परराष्ट्र सल्लाहकार थिए । उनी नेपालका लागि अमेरिका र बेलायतका पूर्वराजदूतसमेत हुन् । त्यसैगरी राष्ट्रपति पौडेलको निजी सचिवमा चिरञ्जीवी अधिकारी नियुक्त भएका छन् । उनी लामो समयदेखि पौडेलको स्वकीय सचिवका रूपमा कार्यरत छन् । तनहुँ क्षेत्र नम्बर १ बाट प्रतिनिधि सभामा निर्वाचित पौडेल फागुन २५ गते राष्ट्रपतिमा निर्वाचित बनेका थिए । उनले सोमबार राष्ट्रपति पदको शपथ लिएका थिए ।

## दशौं अन्तर्राष्ट्रिय कृषि प्रदर्शनीमा नेपालको सहभागिता

**काठमाडौं / मस–** कतारको दोहामा हुने दशौं अन्तर्राष्ट्रिय कृषि प्रदर्शनीमा नेपालले सहभागिता जनाउने भएको छ । कतारस्थित दोहा कन्भेन्सन केन्द्रमा चैत १ गतेदेखि चैत ५ गतेसम्म हुने प्रदर्शनीमा नेपालबाट नेपाल निर्यात व्यवसायी महासंघले भाग लिएको हो । उक्त प्रदर्शनमा भाग लिन महासंघका उपाध्यक्ष एवं मेला आयोजक समितिका संयोजक गोविन्द घिमिरेको नेतृत्वमा मंगलबार २१ निर्यात व्यवसायी कतार प्रस्थान गरेका महासंघका कार्यालय सचिव दिपेश घिमिरेले जानकारी दिए ।

उक्त प्रदर्शनीमा नेपालको तर्फबाट चिया, जडीबुटी हर्बल, अलैंची, अदुवा, डेरीका उत्पादन, तथा वस्तुगत संघको प्रतिनिधित्व रहने घिमिरेले बताए ।

**कुमारी बैंक लिमिटेड, शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौको तपसिलमा उल्लेखित ऋणीलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना**

(प्रकाशित मिति २०७९/१२/०१ गते मध्यान्ह दैनिक)

यस कुमारी बैंक लिमिटेड शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौबाट तपसिलमा उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तरताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान नगरेकोले ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना जारी गरिएको छ । यो सूचना प्रकाशित भएको मितिले **३५ (पैंतिस) दिन** भित्र यस शाखा कार्यालयमा सम्पर्क राखी प्राप्त ऋणकर्जाको सम्पूर्ण साँवा, ब्याज आदि चुक्ता भुक्तान गर्नुहोला । अन्यथा ऐन कानुन बमोजिम धितो लेखिदिएको चल अचल श्रीसम्पत्तिहरु लिलाम बिक्री गरी वा अन्य कानुनी कारवाही अवलम्बन गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गरिने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईएको छ । साथै उल्लेखित ऋणीले प्राप्त गरेको ऋणकर्जाको सुरक्षण बापत व्यक्तिगत जमानी दिने व्यक्तिहरुलाई समेत उपरोक्त व्यहोरा अवगतार्थ अनुरोध गर्दै म्यादै भित्र कर्जा भुक्तानी गर्नु गराउनु हुन सूचित गरिएको छ । अन्यथा तहांहरुलाई समेत **कर्जा सूचना केन्द्र लिमिटेडको कालोसूचिमा** नाम समावेश गर्ने तर्फ कारवाही गरिने व्यहोरा यसै सूचनाबाट जानकारी गराइएको छ ।

**तपसिल**

**ऋणीको विवरण:**
हिरामणी पौडेलको नाति, रिसिराम पौडेल जैसीको छोरा, पर्वत जिल्ला, खुर्कोट गा.पा/न.पा. वडा नं. ४ बस्ने **यदुनाथ शर्मा पौडेल** (ना.प्र.नं. १५२, जारी मिति २०४४/१०/२३, जिल्ला प्रशासन कार्यालय पर्वत) ।

**व्यक्तिगत जमानीकर्ताहरुको विवरण:**
१. रिसिराम पौडेल जैसीको नाति, यदुनाथ शर्मा पौडेलको छोरा, जुम्ला जिल्ला, खुर्कोट गा.पा/न.पा/वडा नं. ४ बस्ने **सचीन शर्मा** (ना.प्र.नं. ५३६९२, जारी मिति २०६३/०२/२४, जिल्ला प्रशासन कार्यालय पर्वत) ।
२. मित्रलाल न्यौपानेको छोरी, यदुनाथ शर्मा पौडेलको पत्नी, जुम्ला जिल्ला, खुर्कोट गा.पा/न.पा वडा नं. ४ बस्ने **दिपा देबी शर्मा** (ना.प्र.नं. २०५५०, जारी मिति २०५५/०५/०८, जिल्ला प्रशासन कार्यालय पर्वत) ।

**धितो सुरक्षणको विवरण:**
१. **यदुनाथ शर्मा पौडेल**को नाममा मालपोत कार्यालय डिल्लीबजारमा दर्ता कायम रहेको काठमाण्डौ जिल्ला, का.म.न.पा. वडा नं. ३५ स्थित कि.नं. ५९ को क्षेत्रफल ९८ (व.मी.) को जग्गा र सोमा बनेको घर तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत ।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

**शाखा कार्यालय नयाँ बानेश्वर, काठमाण्डौ फोन नं. ०१-४७८६१३७**

# पृथ्वीबहादुरसहित ६ जना कारागार चलान

**काठमाडौं / मस–** अमेरिकी नागरिकको उजुरीका आधारमा ठगी काण्डमा मुछिएका पृथ्वीबहादुर शाह र उनका भाइ विजयविक्रमसहित पक्राउ परेका सातमध्ये ६ जना पुर्पक्षका लागि कारागार चलान भएका छन् । प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी) ले दिएको जानकारीअनुसार उनीहरुलाई काठमाडौं जिल्ला अदालतको सोमबारको आदेशले कारागार पठाइएको हो । सिआइबीका प्रहरी उपरीक्षक सञ्जयसिंह थापाले पक्राउ परेकामध्ये विनिता तामाङलाई भने ५० हजार धरौटीमा छाडिएको जानकारी दिए । सिआइबीले नै उनीहरुलाई पक्राउ गरी अनुसन्धान गरेको थियो । सिआइबीको अनुसन्धान प्रतिवेदनका आधारमा जिल्ला सरकारी वकिलको कार्यालयले अदालतमा अभियोग दर्ता गरेको हो ।

उनीहरुको समूहले प्रविधिलाई अधिकतम दुरुपयोग गरी पीडतका मेल, सामाजिक सञ्जाल वा बैंक खातामै पहुँच पुऱ्याएर ठगी गरेका पाइएको छ । अभियुक्तहरुले कृषि ट्राभल, म्यानपावरलगायत २४ कम्पनी खडा गरी नक्कली कागजात प्रयोग गरेर विदेशी नागरिकबाट झण्डै रु ६४ करोडभन्दा बढी ठगी गरेको आरोप छ । ठगिनेमा धेरै अमेरिकी नागरिक छन् । उनीहरुले अमेरिकाका क्यान्सर, अल्जाइमरजस्ता रोगबाट पीडित वृद्धवृद्धाहरुलाई लक्ष्य गरेर यस्तो धन्दा गरेका थिए । अभियुक्तहरुले पीडितको बैंक खातामा पहुँच पुऱ्याएर ठगी गरेको पाइएको र अहिलेसम्म यसरी ५६ जना ठगीमा परेकामा २४ जनाले ठगी भएको भनी जाहेरी दिएका थिए । ठगीका २० आरोपीमध्ये १३ फरार छन् । उनीहरुका बारेमा खासै जानकारी नभए पनि खोजी भने जारी रहेको प्रहरी उपरीक्षक थापाले बताए ।

टन आयात भइसकेको र बाँकी ९४ हजार टन मल आयातको क्रममा रहेको मन्त्रालयले जनाएको छ । सोही तथ्यांक हेर्दापनि यो वर्ष मलमा मूल्यवृद्धि मात्रै होईन, समयमै किसानले मल नपाउने निश्चित देखिएको छ ।

### नक्कली किसानको पहुँचमा अनुदान

संघ, प्रदेश र स्थानीय सरकारले किसानलाइ प्रोत्साहन गर्न हरेक वार्षिक बजेटमा केही प्रतिशत अनुदान छुट्टाएपनि उक्त रकम भने पहुँचवालाको हातमा मात्रै पुग्ने गरेको छ । नक्कली फर्म दर्ता गराएर वा वास्तविक किसानलाई केही रकमको प्रलोभनमा पारेर बिचौलियाले अनुदान हात पारिरहेका छन् । अझ रासायनिक मलको मूल्य बढाएको सरकारले अनुदान रकम भने कटौती गर्ने जनाएको छ । जसमा युरिया मलमा सरकारले दिदैं आएको ८० प्रतिशत अनुदान घटेर ६४.५ प्रतिशतमा पुग्नेभएको छ ।

त्यस्तै, डीएपी मलमा यसअघि दिइएको ५९ प्रतिशतको अनुदान ५२.४ र पोटासमा दिइएको ५८ प्रतिशत अनुदानलाई ४६ प्रतिशतमा झारिएको हो । जसले रासायनिक मलमा सरकारले दिएको समग्र ७०.८२ प्रतिशत अनुदान ५९ प्रतिशतमा झरेको मन्त्रालयले जनाएको हो । एकातिर अनुदान वास्तविक किसानसमक्ष नपुग्नु अनि अर्कातिर पाएको अनुदानको फाईदा पनि बिचौलियाले मात्रै पाउँदा वास्तविक किसान दोहोरो मारमा परेका छन् । तरपनि, सरकारले अनुगमनलाई चुस्त बनाएर बिचौलिया मात्रै मोटाउने प्रवृत्ति हटाउन पहल गरेको देखिदैंन । जसले गर्दा किसान मात्रै होईन, उपभोक्ताले समेत महंगीको मार खेप्नु परेको छ ।

### चिन्न...

मान्यता नदिन माग गर्दै सर्वोच्च अदालतमा परेको रिट विचाराधीन छ । नेपाल मजदुर किसान पार्टी नेमकिपाले पनि विपक्षी दलको नेतामा दाबी गरेको छ । विपक्षी दलको नेताको टुंगो नलाग्दा संसद् बैठक बस्न सकेको छैन् । नागरिकले पनि तीन महिनासम्म विपक्षी दल कुन हो थाहा पाउन सकिरहेका छैनन् । बरु विपक्षी दलको विवादले संसद् प्रभावित भएको छ ।

विपक्षी दलको नेताको विवादले प्रतिनिधिसभाको गत फागुन १७ गते बस्ने तय भएको प्रतिनिधिसभाको बैठक नै बस्न सकेको थिएन । उक्त बैठक आगामी चैत ५ गतेसम्मका लागि सारिएको छ । तर, संसद सचिवालयका अनुसार कांग्रेस र एमालेले प्रतिपक्षी दलको दाबी गरेका छन् । प्रतिपक्षी एकीन नभएपछि बैठक स्थगित स्थगित गरिएको हो । १० पुसमा एमाले-माओवादी गठबन्धन गरेको थियो । तर, राष्ट्रपतिको चुनावमा कांग्रेस-माओवादीको समीकरण बनेपछि एमाले सरकारबाट बाहिरिएको छ ।

एमालेले सरकारलाई दिएको समर्थन पनि फिर्ता लिएको छ । तर, कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिएकाले प्रतिपक्षी दल नहुने एमालेको भनाइ छ । विश्वासको मत दिए पनि सरकारमा सहभागी नभएसम्म प्रतिपक्षी हुने कांग्रेसको तर्क छ । यस्तो अवस्थामा सभामुखले प्रतिपक्षी दल तोक्नुपर्ने हुन्छ । यसरी प्रतिपक्षी दलको विवादले संसद् बैठक राष्ट्रपति र उपराष्ट्रपतिको निर्वाचनपछि बस्ने गरी बोलाइएको हो । यस्तै, फागुन २९ गतेका लागि बोलाइएको राष्ट्रिय सभा बैठक पनि विपक्षीको बेन्चमा एमाले बस्ने कि कांग्रेस भन्ने विवादले स्थगित भएको छ । स्थगित भएको बैठक आगामी चैत ८ गते बस्नेछ ।

### कांग्रेसले...

र सरकारमा सहभागिता लगायतका विषयमा छलफल हुनेछ ।

कांग्रेसले सरकारमा सहभागी हुने निर्णय गरेपछि उसले विपक्षी दलको नेताको दाबी छाडेको मानिनेछ । त्यसपछि संसदमा रहेको विपक्षी दलको नेताको विवाद पनि टुंगो लाग्नेछ ।

### १३ महिनादेखि...

कानुनी रिक्तता छ । उक्त कानुनी रिक्ततालाई पूरा गर्न संवैधानिक परिषद्सम्बन्धी ऐन २०६६ लाई संवैधानिक परिषद्सम्बन्धी पहिलो संशोधन विधेयक २०७९ प्रतिनिधि सभामा दर्ता भई विचाराधीन रहेकाले प्रधानन्यायाधीशको नियुक्तिसम्बन्धी सिफारिस प्रक्रिया अघि बढाउन नसकिएको व्यहोरा अनुरोध छ' अधिवक्ता ढकाललाई दिएको जवाफमा कार्यालयले भनेको छ ।

### ऐन...

यसअघि वैदेशिक रोजगार विभागका तत्कालीन महानिर्देशक शेषनारायण पौडेलले कामदार पठाउने मुलुकले श्रम स्वीकृति दिने नभई कामदार लिने मुलुकले श्रम स्वीकृति दिने अभ्यास रहेकाले वैदेशिक रोजगार ऐनमा सोही अनुसारको संशोधन गरिनुपर्ने सुझाव राखेका थिए ।

### नेपाली...

राजदूत वाग्लेसहित दूतावासका अधिकारीहरूले बहराइनमा नेपाली श्रमिक न्यूनतम तलबमा काम गरिरहेको, राहदानी नवीकरण र भिसा प्रक्रियामा समस्या झेल्नुपरेको जानकारी दिएका थिए ।

भेटमा सहभागी सभामुखका प्रमुख स्वकीय सचिव तेजप्रकाश भट्टराईका अनुसार नेपाली दूतावासका अधिकारीहरूले काठमाडौंमा बहराइनको दूतावास खोल्न सरकारले पहल गर्नुपर्ने धारणासमेत राखेका छन् ।

सभामुख घिमिरेले बहराइन भ्रमणका क्रममा नेपाली श्रमिकको तलब वृद्धिलगायतका विषयमा आफ्ना समकक्षीसँग कुरा राखेको भट्टराईले जानकारी दिए ।

कार्यक्रममा पूर्व श्रममन्त्री रमेश लेखक, हितराज पाण्डे, इन्दु कडरिया, सन्तोष परियार, संघीय संसद सचिवालयका महासचिव डा. भरतराज गौतम, प्रतिनिधि सभाका सचिव गोपालनाथ योगीलगायत उपस्थित थिए । ६ दिने भ्रमण सम्पन्न गरी सभामुख नेतृत्वको नौ सदस्यीय प्रतिनिधिमण्डल बिहीबार स्वदेश फर्किनेछ ।

### अनुदार...

अहिलेसम्म २ लाख ३७ हजार ५००

**क्षमा-याचना**

मध्यान्ह राष्ट्रिय दैनिकको मिति २०७९ साल फागुन २९ गते, मंगलबार प्रथम पृष्ठमा प्रकाशित मुख्य समाचारको हेडलाइनमा 'शीतल निवासमा रामचन्द्र' हुनुपर्नेमा अन्यथा भएको क्षमाप्रार्थी छौं ।

*–सम्पादक*

**Karnali Province Government**
**Ministry of Physical Infrastructure and Urban Development**
**Infrastructure Development Directorate**
**Infrastructure Development Office (IDO)**
**Rukum West, Nepal**

**Invitation for Bids**

**IFB No: 06-079/080**
**Date of First Publication: 2079/12/01 (15th Mar., 2023)**

1. Infrastructure Development Office (IDO), Rukum West invites Open Competitive Bidding from the eligible bidders for the construction of works given in table below under National Competitive Bidding Procedures.

| S.N | Contract Identification Number/Work Description | Estimated Amount Include VAT and PS (NRs.) | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) | Bid Validity Period / Bid Security Period |
|---|---|---|---|---|---|
| 1 | IDO/RKM/ NCB/G/2079/080/01 | 1,07,32,693.40 | 2,70,000 | 3,000 | 90 days/120 days |

2. Eligible Bidders may obtain further information at the office of ***Infrastructure Development Office, Rukum West Phone No:- 088-401138*** **Or may visit PPMO e-GP System www.bolpatra.gov.np/egp.**
3. Bidder have only option to submit their bid electronically may down load the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np/egp.
4. Electronic bids must be submitted to Infrastructure Development Office, Rukum West through PPMO website www.bolpatra.gov.np/egp. On or before 12:00 Noon. on (2080/01/03), Apr. 16, 2023. Interested eligible bidders must purchase the bid before before 12:00 Noon on (2080/01/03), Apr. 16, 2023, Electronic bids will be opened at 13:00 hrs. on (2080/01/03), Apr. 16, 2023
5. Other mandatory information as per public procurement Act. 2063 and Public procurement regulation 2064.

**Office Chief**

# उपराष्ट्रपति निर्वाचनः प्रचार–प्रसारमा निषेध

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन

आगामी शुक्रबार हुने उपराष्ट्रपति पदको निर्वाचनका लागि प्रचार-प्रसार निषेधको अवधि लागू भएको छ। निर्वाचन आयोगले मतदान हुने दिनभन्दा ४८ घण्टा अगावै अर्थात् मंगलबार फागुन ३० गते राति १२ बजेदेखि मतदान केन्द्र बन्द नहुन्जेलसम्म निषेधको अवधि लागू गरेको हो।



निर्वाचनका लागि आयोगले निर्वाचन आयोग ऐन, २०७३ को दफा २२ ले दिएको अधिकार प्रयोग गरी २०७९ फागुन १७ गतेदेखि चैत ५ गतेसम्म कायम रहने गरी निर्वाचन आचारसंहिता, २०७९ जारी गरिसकेको छ। सोही आचारसंहिता बमोजिम निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय, पारदर्शी तथा भयमुक्त वातावरणमा सम्पन्न गर्न निषेधको अवधि लागू हुने आयोगका प्रवक्ता शालिग्राम शर्मा पौडेलले जारी गरेको विज्ञप्तिमा जनाइएको छ।

निर्वाचन (कसुर तथा सजाय) ऐन, ७३ को दफा २४ को ५ तथा निर्वाचन आचारसंहिता, २०७९ को दफा १७ बमोजिम उक्त अवधिमा निर्वाचन प्रचारप्रसारलगायत कुनै पनि प्रकारका छलफल, अन्तरक्रिया, सभा, सम्मेलन, कार्यशाला, गोष्ठी आदि गर्न निषेध गरिएको छ।

साथै उम्मेदवारको पक्ष वा विपक्षमा कुनै पनि प्रकारको प्रचार-प्रसार गर्न, मत माग्न, एसएमएस, फेसबुक, भाइबर जस्ता विद्युतीय माध्यमद्वारा प्रयोग गरिने सामाजिक सञ्जालबाट मत माग्न, आचारसंहिता विपरीत वक्तव्य दिन, प्रेस विज्ञप्ति निकाल्न, प्रकाशन तथा प्रसारण गर्न, सञ्चारमाध्यमबाट जीत/हारको पूर्वानुमानका सामग्रीहरु प्रसारजस्ता कार्य गर्न नहुने आयोगले स्पष्ट पारेको छ।

उपराष्ट्रपति पदमा सत्तारुढ दलकै गठबन्धनबाट रामसहायप्रसाद यादव, ममता झा र प्रमिला कुमारी गरेर तीनजना र नेकपा (एमाले) को तर्फबाट अष्टलक्ष्मी शाक्य गरी चारजनाको उम्मेदवारी परेको थियो। तर प्रमिला कुमारीले भने आफ्नो समर्थन यादवलाई रहने घोषणा गर्दै उम्मेदवारी फिर्ता लिएको बताएकी छन्।

यसैबीच सर्वोच्च अदालतले महिलालाई नै उपराष्ट्रपति बनाउनुपर्ने मागसहितको निवेदनलाई दरपिठ गरेको छ। पुरुष राष्ट्रपति भएकाले उपराष्ट्रपति महिलालाई बनाउनुपर्ने मागसहित सोमबार अधिवक्ता राधिका खतिवडाले दिएको निवेदनलाई सर्वोच्च अदालतले दरपिठ गरिदिएको हो।

# इतिहास शिरोमणि आचार्यको योगदानको चर्चा

**मध्यान्ह संवाददाता**
काठमाडौं, ३० फागुन

इतिहास शिरोमणि बाबुराम आचार्यको १३६ औं जन्मजयन्ती भव्य रुपमा मनाइएको छ। आचार्यको जन्मजयन्तीको अवसर पारेर 'बाबुराम आचार्य र नेपालको इतिहास विषयक' प्रवचन कार्यक्रम गरी मनाइएको हो। इतिहास शिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठान र नेपाल प्रज्ञा प्रतिष्ठानको सहकार्यमा प्रज्ञा प्रतिष्ठानमा सम्पन्न उक्त कार्यक्रममा विद्वानहरुबीच आचार्यको योगदानको चर्चा गरिएको थियो।



नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति भुपाल राईको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा पूर्वउपकुलपति डा.जगमान गुरुङ, सामाजिक शास्त्र विभाग प्रमुख डा. कौशिला रिसाल, उपकुलपति विमलकृष्ण श्रेष्ठ (विमल निभा), पूर्वप्राज्ञपरिषद् सदस्य प्रा.दिनेशराज पन्त, प्रा.डा. त्रिरत्न मानन्धर, पूर्वराजदूत राजेश्वर आचार्य र प्रा.डा. सुरेन्द्र केसीले 'बाबुराम आचार्य र नेपालको इतिहास विषयक' मा आ-आफ्नो विचार राखेका थिए।

कार्यक्रममा प्रतिष्ठानका सदस्य सचिव डा.धनप्रसाद सुवेदी, प्राज्ञ परिषद् सदस्यहरु डा.मधुसुदन गिरी, डा.कृष्णराज अधिकारी, राजन मुकारुङ, बाबा बस्नेत, हंसावती कुर्मी, अमर न्यौपाने, त्रैलोक्यमान बनेपाली, प्रा.डा.निरन्जन बस्नेत, इतिहास शिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठानका महासचिव बाबुराम आचार्य, कोषाध्यक्ष कन्चन शर्मा आचार्य, वरिष्ठ पत्रकार डिल्ली रमण सुवेदी र प्रतिष्ठानका पदाधिकारीहरुको सहभागिता रहेको थियो।

कार्यक्रममा अतिथिहरुलाई स्वागत मन्तव्य राख्दै डा.धनप्रसाद सुवेदीले प्रतिष्ठानसँग सहकार्य गरेर इतिहास शिरोमणि आचार्यको जन्मजयन्ती मनाउन पाएकोमा खुसी व्यक्त गर्दै नेपाली साहित्य र समालोचनाको क्षेत्रमा पनि आचार्यको ठूलो योगदान रहेको स्मरण गराउँदै इतिहास शिरोमणिको सम्झनामा यसरी अन्तरक्रिया गर्नु आफैंमा महत्वपूर्ण रहेको बताए।

त्यस्तै कार्यक्रममा बोल्दै पूर्वउपकुलपति डा.जगमान गुरुङले बाबुराम आचार्यले झ्यामोलुङ्मालाई सगरमाथा नामाकरण गरेकोले नै उनी महान रहेको उल्लेख गर्दै लामाहरुले झ्यामोलुङ्मालाई बसिरहेकी चरी, लिम्बुले चोमो लुङ्मा चोमो अग्लो, लुङ ढुंगा अग्लो ढुंगा नाम रहेको उल्लेख गरे।

संस्कृत र नेपालीमा त्यसको नाम नभएकोले बाबुरामले सगरमाथा वा झ्यामोलुङ्मा लेख लेखेर राष्ट्रको आवश्यकताको परिपूर्ति गरेको गुरुङले बताए। डा.गुरुङले इतिहासको ऐतिहासिक विश्लेषण हुनुपर्ने बताउँदै तब मात्र इतिहास अध्ययन गर्ने विद्यार्थीहरुको संख्या बढ्ने बताए।

प्रा.डा.त्रिरत्न मानन्धरले बाबुराम आचार्यले नेपालको लागि दिएको योगदान अतुलनीय रहेको बताउँदै एसियाली अनुसन्धान केन्द्रबाट प्रकाशित बाबुराम आचार्य र उनका कृति पुस्तकमा केही पत्रहरु प्रकाशित भएकोले त्यसबाट पनि अझै उनका कति कृति प्रकाशन गर्न बाँकी छन् भन्ने थाहा हुने बताए।

बाबुराम आचार्यले लेखेका अप्रकाशित सामग्रीहरु धेरै रहेको उल्लेख गर्दै प्रा.डा. मानन्धरले ती लेखहरुलाई संकलन गरी प्रकाशन गर्ने जिम्मेवारी प्रज्ञा-प्रतिष्ठानले लिनुपर्नेमा जोड दिए।

अर्का वक्ता पूर्वराजदूत राजेश्वर आचार्यले इतिहासको बारेमा सत्यतथ्य ज्ञान इतिहासको विषय पढ्नेसँग मात्रै सम्बन्ध नरहेको बताउँदै मान्छेलाई इतिहास, भूगोल, धर्म, संस्कृतिको ज्ञान चाहिने बताए।

बाबुरामले सगरमाथाको नामाकरण नगरेको भए विदेशमा गएर नेपाली नाम बताउनै नसक्ने अवस्था आउने बताउँदै आचार्यले विदेशमा रहँदा विदेशीले चिन्ने सगरमाथा, बुद्ध, गोर्खा र शेर्पा भएकोले त्यसको प्रचार पनि गर्नुपर्ने बताए। विदेशस्थित विभिन्न नियोगहरुमा हुने नेपाली राजदूतहरुलाई जिम्मेवारी बहन गर्न विदेश जाँदा देशको इतिहासको बारेमा न्यूनतम जानकारी गराउनुपर्ने उनको भनाइ छ।

त्रिभुवन विश्वविद्यालयका प्रा.डा. सुरेन्द्र केसीले लेख्न नपाईने पञ्चायती कालमा पनि बाबुराम आचार्यले इतिहास लेखन र संशोधन गर्ने काम गरेको उल्लेख गर्दै आचार्यले युगान्तकारी रचनाहरु छोडेर गएको बताए।

आचार्यको विलक्षण प्रतिभा रहेको उल्लेख गर्दै दृष्टि गुमाईसकेपछि पनि उनले दिने तथ्य र तथ्यांक अमूल्य रहेको र उनले इतिहास लेखनको राजमार्ग बनाएर आजको पिँढीलाई हस्तान्तरण गरेकाले पूर्वजहरुले छोडेर गएको ज्ञानलाई संरक्षण गर्दै भोलिको पिँढीसम्म हस्तान्तरण गर्न आवश्यक रहेको केसीले बताए। वक्ता दिनेशराज पन्तले बाबुरामलाई राजा त्रिभुवनले नै इतिहास शिरोमणि उपाधि दिएको बताउँदै फागुन २९ गते स्मृति प्रतिष्ठानले बाबुराम आचार्यको स्मति दिवस मनाउन थालेको उल्लेख गरे। यो कार्यमा प्रतिष्ठानले पनि सहयोग गर्दै आएको उनले उल्लेख गरे।

उनले राणा शासन जस्तो शासकहरुको चाकडी गर्ने चलन रहेको युगमा पनि बिना चाकडी चन्द्र शम्शेरको पालामा खरदार बनेका बाबुराम आचार्य जुद्धशम्शेरको पालामा आँखा बन्द हुँदासम्म खरदारमै रहनु महत्वपूर्ण कुरा रहेको बताए। कार्यक्रमका प्रमुख अतिथि तथा प्रज्ञा-प्रतिष्ठानका कुलपति भूपाल राईले यो कार्यक्रमबाट बाबुराम आचार्यको बारेमा विद्वानहरुबीच घनिभूत छलफल भएको र आचार्यको योगदानको विषयमा विद्वानहरुको व्यापक सहभागिताले कार्यक्रम सफल भएकोमा गर्व लागेको बताए। साथै देशलाई चिनाउने नेपाल नामको बारेमा बाबुरामले स्पष्ट रुपमा हाम्रो संस्कृति भन्ने पुस्तकमा लेखेका छन्।

सबै इतिहासकारहरु भन्दा बाबुराम फरक भएको उनले उल्लेख गर्दै उनले लिखित इतिहासले अलिखित इतिहासलाई ओझेलमा पारेको बताए। लिखित इतिहास शासकको गुणगान वा तारिफ हुन्छ। अलिखित इतिहास जनताको इतिहास हुन्छ तर बाबुरामले अलिखित इतिहासको उजागर गरेको उनले बताए।

इतिहासशिरोमणि बाबुराम आचार्य स्मृति प्रतिष्ठानका महासचिव बाबुराम आचार्यले धन्यवाद ज्ञापन गर्दै विगत १२, १३ वर्षदेखि बाबुरामको स्मृति दिवस मनाइरहेको जानकारी दिँदै प्रतिष्ठानको सहकार्य रहँदै आएकोमा आगामी दिनमा प्रतिष्ठानले नै यस्ता कार्यक्रम आयोजना गरिदियोस् भन्ने अपेक्षा रहेको बताए। कार्यक्रमलाई समापन गर्दै सभाध्यक्ष तथा नेपाल प्रज्ञा-प्रतिष्ठानकी सामाजिक शास्त्र विभाग प्रमुख डा. कौशिला रिसालले बाबुराम आचार्यले गरेको योगदानको चर्चा गरे।

राणाकालिन समयमा निडरताका साथ इतिहास लेखनमा सक्रियता देखाएकाले इतिहासशिरोमणि भन्न पाएको उनले बताए। प्रज्ञासभा सदस्य चेतनाथ धमलाले कार्यक्रम सञ्चालन गरेका थिए। कार्यक्रममा प्रतिष्ठानका सदस्य सचिव डा. धनप्रसाद सुवेदी, प्राज्ञ परिषद् सदस्यहरु डा.मधुसुदन गिरी, डा. कृष्णराज अधिकारी, राजन मुकारुङ, बाबा बस्नेत, हंसावती कुर्मी, अमर न्यौपाने, त्रैलोक्यमान बनेपाली प्राज्ञ सभाका सदस्यहरु, प्राज्ञ परिषद्का पूर्व पदाकिरीहरु, स्मृति प्रतिष्ठानका पदाधिकारीहरु, लगायतको सहभागिता रहेको थियो।

# निःशुल्क आँखा शिविरमा ६८ जनाको शल्यक्रिया



**शिवजी मण्डेल/मध्यान्ह**
बझाङ, ३० फागुन

बझाङको थलारा गाउँपालिकामा आयोजना गरिएको निःशुल्क आँखा शिविरमा ६८ जनाको शल्यक्रिया गरिएको छ। थलारा गाउँपालिका र च्यारिटी हेल्थ फाउण्डेसन नेपालको आयोजनामा फागुन २८ गतेदेखि थलारा माध्यमिक विद्यालयमा शुरु भएको शिविर मंगलबार सम्पन्न भएको छ।

मोतियाविन्दु भएका ६४ जना र आँखामा मासु पलाएका ४ जनाको शल्यक्रिया गरिएको आयोजकले जनाएको छ। आर्थिक अवस्थाका कारण उपचार तथा अप्रेशनको पहुँचमा पुग्न नसकेको आँखाका बिरामीलाई सेवा दिनका लागि शिविरको आयोजना गरिएको थलारा गाउँपालिका स्वास्थ्य शाखा प्रमुख पदमबहादुर ओलीले मध्यान्हलाई जानकारी दिए।

उनकाअनुसार गाउँपालिकाले टाढाबाट सेवा लिन आउने बिरामीहरुका लागि यातायात खर्चको समेत व्यवस्था गरेको थियो।

पालिकाले निःशुल्क आँखाको अप्रेसन तथा यातायातको समेत व्यवस्था गरेपछि खर्चको अभावले सेवा लिनबाट बञ्चित भएका बिरामीले पनि सेवा लिएका छन्। आँखाको शल्यक्रिया भएपछि उनीहरुले खुशी व्यक्त गरेका छन्। च्यारिटी हेल्थ फाउण्डेसन नेपालका नेत्र विशेषज्ञ डाक्टर विद्याप्रसार पन्तको टिमले शल्यक्रियाको नेतृत्व लिएको थियो।

पालिकाले नेत्र विशेषज्ञ टिमलाई आवतजावतका लागि इन्धन खर्चका साथै आवास र खाना खर्चको पनि व्यवस्थापन गरेको स्वास्थ्य प्रमुख ओलीले बताए।

थलारा गाउँपालिका उपाध्यक्ष रामबहादुर खातीको अध्यक्षतामा भएको शिविर समापन कार्यक्रममा नेत्र विशेषज्ञ डाक्टर पन्तको प्रमुख आतिथ्यता रहेको थियो।

कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत सिद्धराज पण्डित, लेखा अधिकृत दिपकराज पाण्डे, निवर्तमान गाउँपालिका उपाध्यक्ष गंगुदेवी खडायत र थलारा माध्यमिक विद्यालयका प्रधानाध्यापक शेरबहादुर चौहानको समेत उपस्थिति रहेको थियो।

# १६ वर्षीया सुत्केरीको हेलिकप्टरबाट उद्धार

**ओबराज शाही/मध्यान्ह**
हुम्ला, ३० फागुन



हुम्लाको चंखेली गाउँपालिकाबाट एक सुत्केरीको हेलिकप्टरबाट उद्धार गरिएको छ। चंखेली गाउँपालिका-२ दर्मा गाउँकी १६ वर्षीया जुनकली वि.क को नेपाली सेनाको हेलिकप्टरबाट उद्धार गरी प्रदेश अस्पताल सुर्खेत पठाइएको हो।

सोमबारदेखि सुत्केरी व्यथाले थलिएर बच्चा जन्माउन नसकेपछि सकस भएको जुनकलीका श्रीमान विरवल कामीले जानकारी दिए।

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत नेपाली सेनाको हेलिकप्टरले उद्धार गरी प्रदेश सुर्खेत लगिएको जिल्ला अस्पताल हुम्लाकी सिनियर अनमी सरिता बोहराले मध्यान्हलाई जानकारी दिइन्।

प्रमुख जिल्ला अधिकारी श्रीनाथ पौडेल, चंखेली गाउँपालिकाका जनप्रतिनिधिहरू र जिल्ला स्वास्थ्य कार्यालय हुम्लाको पहलमा सुत्केरी किशोरीको उद्धार भएको सिनियर अनमी बोहराले बताइन्।

दुर्गम क्षेत्रमा ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको लागि हवाई उद्दारका लागि कार्यविधि २०७५ साल कात्तिक ३० को मन्त्रीस्तरीय निर्णयबाट कार्यान्वयनमा ल्याइएको छ।

राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तर्गत आर्थिक वर्ष ०७५/०७६ देखि दुर्गम हिमाली तथा पहाडि क्षेत्रका गर्भवती तथा सुत्केरी हुने अवस्थामा स्वास्थ्य समस्या सिर्जना भई ज्यान जोखिममा परेका महिलाई हवाई उद्धार गरी तोकिएको अस्पतालमा पुऱ्याई गुणस्तरयुक्त स्वास्थ्य सेवा प्रदान गर्ने प्रयोजनका लागि दुर्गम क्षेत्रका ज्यान जोखिममा परेका गर्भवती तथा सुत्केरी महिलाहरूको लागि निःशुल्क हवाई उद्धार सेवा कार्यक्रम सञ्चालन गरिएको छ।

हवाई उद्धार गरी सुविधा सम्पन्न अस्पतालसम्म ल्याइएकी ज्यान जोखिममा परेकी महिलाको सुत्केरी पोषण स्याहार तथा यातायात सहयोगका लागि एकमुष्ट २० हजार उपलब्ध गराउने व्यवस्था रहेको छ।

# दक्षिण कोरियाका दुई सय बौद्ध तीर्थयात्री लुम्बिनीमा

**लुम्बिनी/मस-** दक्षिण कोरियाबाट बुद्धस्थलको पैदलयात्रामा निस्किनुभएका दुई सय बौद्ध भिक्षु र तीर्थयात्री लुम्बिनी आइपुगेका छन्। उक्त समूहलाई मंगलबार लुम्बिनी विकास कोषले बुद्धस्थल लुम्बिनीमा एक समारोहकाबीच स्वागत गरेको छ। कोरियाका अग्रज भिक्षु छासुङ्गसहितका धर्मगुरु र तीर्थयात्री लुम्बिनी आएका हुन्।

कोरियाली बौद्ध भिक्षु भिक्षुणी र तीर्थयात्रीलाई रुपन्देही निर्वाचन क्षेत्र नं ५ का प्रतिनिधिसभा सदस्य वासुदेव घिमिरे, लुम्बिनी विकास कोषका उपाध्यक्ष अवधेशकुमार त्रिपाठी, लुम्बिनी सांस्कृतिक नगरपालिकाका नगरप्रमुख सजरुद्धिन मुसलमान लगायतले पैदलयात्रीलाई बुद्धजन्मस्थलमा खादा ओढाएर स्वागत गरे।

कोरियाली बौद्ध तीर्थयात्रीको टोलीले मायादेवी मन्दिरमा विश्वशान्तिको कामना गर्दै प्राथना गरेका थिए। पूजा तथा प्रार्थनामा नेपालका लागि कोरियाली राजदूत पार्क चोङ सुकको उपस्थिति रहेको छ। प्रार्थना र पूजामा प्रतिनिधिसभा सदस्य घिमिरेले लामो यात्रा गरेर बुद्धजन्मस्थल लुम्बिनी आएका बौद्ध भिक्षुसहितको टोलीलाई स्वागत गर्न पाउँदा खुशी लागेको बताए। उनले यस्ता भ्रमणले नेपाल र दक्षिण कोरियाबीचको सम्बन्ध थप प्रगाढ हुने विश्वास व्यक्त गरे। घिमिरेले नेपाल र दक्षिण कोरियाबीच धार्मिक रुपमा मात्रै नभई रोजगारीका हिसाबले पनि सम्बन्ध जोडिएको उल्लेख गरे। नेपालका लागि कोरियाली राजदूत पार्क चोङ सुकले धर्मगुरुसहितका तीर्थयात्रीलाई बुद्धजन्मस्थल मायोदवी प्राङ्गणमा स्वागत गर्न पाउँदा खुसी लागेको बताए।

VACANCY ANNOUNCEMENT
यस म्यानपावर कम्पनीको लागि कर्मचारीहरुको आवश्यकता भएको हुँदा दक्ष व्यक्तिहरुले आफ्नो योग्यताको प्रमाणपत्रका साथ सम्पर्क गर्नुहोला।
PRO
Public Relation Officer
- Should have good communication skills.
- Basic Computer knowledge.
- Minimum 3 years of work experience at a manpower agency.
- SALARY: Negotiable + Lunch Provided
9813648113
9861166871
Send us your CV:
whitepearlhrc@gmail.com
Ktm White Pearl H.R. Consultancy Pvt. Ltd.
Shivapriya Marg, Sukedhara, Kathmandu

STAFF REQUIREMENTS
- RECEPTIONIST -3
- ACCOUNTANT -2
- DOCUMENTATION -2
- Experienced in related fields
- Must have knowledge of operating computers and speaking English
- Salary Negotiable
01-4110036
01-4110040
9849964370
Send us your CV:
eminence.recruitment200@gmail.com
EMINENCE Recruitment International Pvt Ltd
Bhimsengola-31, Prayagmarg, Kathmandu

मलेसियामा रोजगारको अवसर
कम्पनीः HOME TASTE PLT
शहरः KAJANG
पुर्व स्वीकृत मितिः २०७९/११/१२ चलानी नं.: ६०१९८०२१ LT. No.: 281628

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: RM | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Restaurant Cook | 7 | 0 | स. काममा दक्ष | 1500 | ४३,७२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ चैत ८ र ९ गते (22 & 23 March 2023) मा हुनेछ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- रोजगारदाताले तिर्ने | रु. १,५००/- रोजगारदाताले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

Rapid
श्रम ईजाजत नं. ५७७/०६२/०६३
RAPID INTERNATIONAL PVT.LTD.
Seto Pool, Ram Mandir Marg, Maitidevi Kathmandu, Nepal .
फोन नं: ४४६५८७७, ४५८८९१२

कर्मचारी आवश्यकता
- OFFICE MANAGER -1 (Male)
- ACCOUNTANT -1 (Female)
- PRO -4 (Male/Female)
- Experienced in related fields
- Must have knowledge of operating computers and speaking English
01-5911443
9801097932
9813136655
Send us your CV:
info@indexruitment.com.np
Index
श्रम ईजाजत नं. १५४३/०७८/०७९
Index Recruitment Pvt. Ltd.
Chabahil-7, Kathmandu, Nepal

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.osc@gmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoon@mos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१ चैत २०७९, बुधबार
15 March 2023, Wednesday

## सम्पादकीय

### आँधी अघिका गल्तीहरु

आमचुनाव सकिएको चार महिना पुग्न लाग्दा समेत संघीय सरकारले पूर्णता पाउन सकेको छैन । अहिले प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड एक्लैले १६ मन्त्रालयको जिम्मेवारी सम्हालिरहेका छन् । १० पुसमा प्रधानमन्त्री बनेका प्रचण्डले आफूसँगै सात मन्त्री नियुक्त गरेका थिए । त्यसमध्ये तीन जना उपप्रधानमन्त्रीले विभागीय मन्त्रालयको जिम्मेवारी पाएपनि बाँकी चार मन्त्री बिना विभागीय थिए । त्यसको एक महिनापछि मन्त्रिपरिषद् बिस्तार गरी २३ सदस्यीय बनाएका थिए । तर प्रधानमन्त्री प्रचण्डको मन्त्रिपरिषद् फेरि अपुरो हुन पुग्यो । १४ मा उपप्रधान एवम् गृहमन्त्री रवि लामिछाने पदमुक्त भए । यसको एक सातापछि लामिछाने सभापति रहेको राष्ट्रिय स्वतन्त्र पार्टीले सरकार छोड्दा थप तीन मन्त्री रिक्त भए । १४ फागुनमा राप्रपा र त्यसको भोलिपल्ट एमालेले सरकार छोडेकाले अहिले प्रचण्डसँग एक राज्य सहित ७ मन्त्री छन् । बाँकी सबै मन्त्रालयको जिम्मेवारी प्रधानमन्त्री प्रचण्ड आफैले लिएका छन् ।

पूर्णता नपाउँदै मन्त्रिपरिषद् अपुरो हुनुको प्रमुख कारण प्रधानमन्त्री प्रचण्डले सत्ता गठबन्धन बदल्नु थियो । आफूलाई प्रधानमन्त्री बनाउने दलहरू रास्वपा, राप्रपा र एमाले भन्दा पनि प्रधानमन्त्री प्रचण्डले नेपाली कांग्रेस, नेकपा एकीकृत समाजवादी र राष्ट्रिय जनमोर्चासँग सम्बन्ध बढाउँदै गठबन्धन दलेको थिए । त्यहीकारण रिक्त भएको मन्त्रिपरिषद् चैत पहिलो साता अगाडि बिस्तार नगर्ने तयारी छ । यो भनेको फेरि एक महिनासम्म प्रधानमन्त्री प्रचण्डले सात मन्त्री लिएर सरकार चलाउँदैछन् । त्यसमध्ये एक जना जनमत पार्टीका मन्त्री भएपनि बाँकी सबै आफ्नै पार्टी नेकपा माओवादी केन्द्रका मन्त्रीहरू छन् । सुदूरपश्चिम प्रदेश सरकार एकमहिनाभित्रै दुई पटक गठन भएको छ ।

पहिले प्रधानमन्त्री बन्न एमालेसँग गठबन्धन गर्दा माओवादीले सभामुखमा एमालेकै उम्मेद्वार देवराज घिमिरेलाई सभामुख र रास्वपाका उम्मेद्वार इन्दिरा रानामगरलाई उपसभामुखमा मत दिएको थियो । पछि गठबन्धन बदलेपछि राष्ट्रपतिमा कांग्रेस उम्मेद्वारलाई मत दिएको छ भने उपराष्ट्रपतिमा जनता समाजवादी पार्टी (जसपा) का उम्मेद्वारलाई मतदान गर्ने तयारी छ । गठबन्धन बदलिएकै कारणले सबै प्रदेश सरकार फेरि अस्थिरतातिर धकेलिएको छ । तर यस्तो निर्णयप्रति प्रधानमन्त्री प्रचण्डसँग आत्मालोचित हुने भन्दा पनि खुशी भएकै प्रतिक्रिया दिइरहेका छन् । जबकी मुलुकमा अहिले स्थीर सरकार आवश्यक हो । किनकि विश्वब्यापी रूपमा जस्तो आर्थिक संकट देखा परिरहेको छ, त्यसबाट बच्ने पूर्वतयारीमा सरकार लाग्नुपर्ने हो । तर मुलुकमा चुनावपछि पनि जनादेशअनुसार दलहरू नचल्दा आमसाधरणमा असन्तुष्टि चर्कदो छ । लघुवित्त पीडित, दलित आन्दोलनदेखि व्यवस्था बदल्नुपर्ने माग राख्नेहरूको प्रदर्शनमा अनदेखा गर्न नमिल्ने उपस्थिति देखिदैछ । सरकारमै सहभागी जनमोर्चाले संघीयताविरूद्ध कार्यक्रम ल्याउने घोषणा गरिसकेको छ । तर राजनीतिक नेतृत्वको प्राथमिकतामा भने सत्ता मात्रै देखिएको छ । यो मुलुक, व्यवस्था र संविधानका निम्ति राम्रो होइन । भनिन्छ, नेतृत्वले भोलि आउनसक्ने आँधीको संकेत चिन्न सक्नुपर्छ । तर अहिले जस्तो परिदृष्य देखिदैछ, त्यसले नेतृत्वले विवेकपूर्ण निर्णय नलिएकै पुष्टि हुन्छ ।

# वैदेशिक रोजगार र शून्य लागत

*कामदारको हित पहिलो सर्त हो । कामदार र व्यवसायी सबैको दायित्व ऐनमा तोकिनुपर्छ । वैदेशिक रोजगारीमा गइसकेपछि बिनाआधार काम मन परेन भनेर व्यवसायीलाई दोष दिन पाइँदैन ।*

अग्रलेख



● चन्द्रबहादुर बस्याल

मुलुकको अर्थतन्त्र नै विप्रेषणमुखी बनिरहेको छ । आज युवाहरु लाइन लाएर सामान्य रोजीरोटीका समस्यालाई समाधान गर्न विदेशका गल्लीगल्लीमा धाइरहेका छन् । युवाहरुलाई सामान्य आवश्यकताभन्दा माथि सोंच्ने अवसर नै छैन । युवाहरुको ठूलो हिस्सा वैदेशिक रोजगारलाई नै निर्विकल्प देख्दछ र विदेशी भूमि सिँगार्न पुरिहेको छ । यो उसको रहर होइन, बाध्यता हो । जनसंख्या वृद्धि र प्रत्येक वर्ष श्रमबजारमा आउने श्रमशक्तिको अनुपातमा पर्याप्त उत्पादनशील र आयमूलक रोजगारीका अवसरहरूको सिर्जना स्वदेशमै गर्नु नै स्थायी समाधान हो । तर, मुलुकमा त्यस्तो भइरहेको छैन र लगत्तै हुने अवस्था पनि छैन । आज विश्वव्यापीकरणको अभियानले विकास गरेको श्रमको निर्वाध आप्रवाहको फलस्वरुप पनि नेपालको वैदेशिक रोजगारको क्षेत्रमा विस्तार र वृद्धि भएको हो । युवाहरु सहजै विदेश जाने अवस्था बनेको छ ।

**संवैधानिक व्यवस्थाप्रति उदासिनता**

संविधानमा नै रोजगारीको हक प्रत्येक नागरिकको मौलिक हकको रुपमा उल्लेख गरिएको छ । सम्मानपूर्वक बाँच्न पाउनु, आफ्नो रोजाइमुताबिकको काम गर्न पाउनु नागरिकको अधिकार हो । कामको अवसर उपलब्ध नभएमा न्यूनतम आवश्यकता परिपूर्तिका लागि नागरिकलाई संरक्षण दिनु राज्यको दायित्व हो । रोजीरोटीको व्यवस्थापनसमेत गर्न नसक्ने अनि अरू धेरै कुरा गर्छु भन्नुको कुनै तुक हुँदैन । प्रचूर साधनस्रोत हुँदाहुँदै पनि हामी नेपालीहरू दुःख भोगिरहेका छौं । आफ्नै नाभिमा रहेको सुगन्धित बिनाको खोजीमा कस्तुरी भौंतारिएझैं हामी कामको खोजीमा विदेशिन बाध्य छौं । स्वविवेक गुमाएका नेताहरू बेरोजगारी अन्त्य गर्ने सपना बाँड्दै हिँड्छन् । बेरोजगारी मनोगत ढंगले अन्त्य गर्न सकिने चीज होइन । नेपालका युवामा नेपालभित्रै रोजगारीको सम्भावना र भविष्य देखाउन नसक्नु राज्यको कमजोरी हो ।

एकातिर मौलिक हकको रुपमा रोजगारीलाई उल्लेख गर्ने र अर्कोतिर युवाहरुलाई विदेशतिरै धकेल्ने हाम्रो नीति नै बनेको छ । आज सरकारको कार्यक्रम नै नागरिकलाई विदेश पठाउन प्रोत्साहित गर्ने खालको छ । शहरी क्षेत्रमा आत्मनिर्भर बनाउन होइन, युवाहरुलाई विदेश जाने परामर्श दिने संस्थाहरु बढी छन् । सरकारको प्रोत्साहन पनि त्यही क्षेत्र केन्द्रीत छ । आज रोजगारीको हकलाई संविधानमा व्यवस्था गर्ने तर, वेवास्ता गर्ने अवस्था बनिरहेको छ ।

**स्वरोजगार होइन, बेरोजगार उत्पादन गर्ने शिक्षा**

शिक्षा जीवनसँग जोडिनुपर्छ । शिक्षालाई श्रमबाट अलग राख्नु सबैभन्दा ठूलो दुर्गुण हो । सुन्दर संसार निर्माण गर्ने मजदुर र खाद्यान्न उत्पादन गर्ने किसानप्रति घृणाभाव प्रकट गर्नु अहिलेको शिक्षाको नियति बनेको छ । ज्ञान, धारणा र सीपको संयोजन शिक्षाले गर्नुपर्छ । शिक्षालाई सीपसँग, सीपलाई श्रमसँग, श्रमलाई उत्पादनसँग र उत्पादनलाई समृद्धिसँग जोड्नुपर्छ । पाठ्यपुस्तक र धारमा पढ्नु मात्र शिक्षा होइन । शिक्षाले राष्ट्रिय आवश्यकता पूरा गर्न सक्नुपर्छ । शिक्षाको सम्बन्ध श्रमसँग हुनुपर्छ । गुणस्तरीय र जीवनोपयोगी शिक्षाले मात्र दक्ष जनशक्ति उत्पादन गर्न सक्छ । र त्यस्तो जनशक्ति रोजगारीका लागि 'हट केक' साबित हुन्छ । विद्यार्थीको रुचि र चाहना अनि देशको आवश्यकताअनुसार सिकाउने नयाँ-नयाँ प्रविधि र विधिको प्रयोग गरिनुपर्छ । हामीलाई आफ्नो खुट्टामा उचिन सिकाउने शिक्षा चाहिएको छ ।

तर, हाम्रो मुलुकको अवस्था त्यस्तो छैन । हाम्रो शिक्षा युवालाई स्वाभीमानी र स्वाबलम्बी बनाउने होइन, बेरोजगार बनाउने खालको छ । युवाहरु जति तहगत रुपमा अगाडि बढ्दछन्, शिक्षाले क्रमशः विदेश जान प्रोत्साहित गर्दछ । उनीहरुलाई स्वदेशमा विकल्प देखाउँदैन । हातमा पासपोर्ट र भिसा बोकेर विदेशिन आतुर विद्यार्थी होइन, परियोजनासहित स्वदेशमै काम गर्ने इच्छाशक्ति भएको विद्यार्थी उत्पादन गर्ने शिक्षा प्रणाली आजको आवश्यकता हो । तर, बिडम्बना हाम्रो शिक्षा युवालाई पलायन गराउने खालको छ । हाम्रो स्रोत साधनलाई पहिचान गर्ने, परिचालन गर्ने र विकास गर्ने तर्फ शिक्षाको योगदान छैन । जसको कारण आज विदेशिनेको संख्या निरन्तर बढीरहेको छ । अनौठो विषय, युवाहरुलाई पैसा तिरेर विदेशमा रोजगारी खोज्न जानुपर्ने अवस्था बनेको छ ।



*राज्यमन्त्रीस्तरीय निर्णयबाट लागू गरिएको फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतमा वैदेशिक रोजगार व्यवसायीहरूको असहमति रहेको छ । असहमतिका बाबजुत पनि उनीहरूले कामदार पठाइरहेका छन् । उनीहरूले सेवा शुल्क परिमार्जन गर्न पटक-पटक विभाग र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा जानकारी गराएका छन्, तर त्यसको कुनै सुनुवाई भएको छैन ।*

आज वैदेशिक रोजगारमा जाँदा एजेन्टमार्फत पैसाको मोलमोलाई हुन्छ । वैदेशिक रोजगारीमा युवालाई पठाउने विषयमा सरकारको स्पष्ट नीति नहुँदा विभिन्न समस्याहरु देखिइरहेका छन् । आज सतहमा शून्य लागतको विषय उठिरहेको छ ।

**शून्य लागतको प्रश्न**

सरकारले विश्वका १०९ मुलुकमा नेपाली कामदारलाई रोजगारीका लागि खुला गरेको छ । तर, हालसम्म जम्मा १० वटा मुलुकसँग मात्रै श्रम समझदारी र सम्झौता गरेको छ । जसका कारण आकर्षक मुलुकमा रोजगारीमा गएका नेपाली कामदार जोखिममा पर्ने गरेका छन् । कतार, संयुक्त, संयुक्त अरब इमिरेट्स, बहराइन, दक्षिण कोरिया, इजरालय, जोर्डन, मेलेसिया, मौरिसस, जापान र बेलायतसँग नेपाली कामदार पठाउने विषयमा समझदारी र सम्झौता गरिएको छ । २०७२ असार २१ गतेको राज्यमन्त्रीस्तरीय निर्णयबाट लागू गरिएको फ्रि भिसा, फ्रि टिकट तथा शून्य लागतमा वैदेशिक रोजगार व्यवसायीहरूको असहमति रहेको छ । असहमतिका बाबजुत पनि उनीहरूले कामदार पठाइरहेका छन् । उनीहरूले सेवा शुल्क परिमार्जन गर्न पटक-पटक विभाग र श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयमा जानकारी गराएका छन्, तर त्यसको कुनै सुनुवाई भएको छैन । विश्वव्यापी भर्ना अभ्यास र आप्रवासी श्रममा लागू हुने अन्तर्राष्ट्रिय कानुनअनुसार भर्नासँग सम्बन्धित खर्च रोजगारदातालाई बहन गराउने नीति छ । यस नीतिअनुसार रोजगारदाताले भर्ना एजेन्सी (म्यानपावर कम्पनी)लाई सेवा शुल्क नदिएको अवस्थामा मात्र भर्ना एजेन्सीहरूले कामदारसँग बढीमा १० हजार नेपाली रुपैयाँ लिन सक्छन् ।

सन् २०१५ जुलाईमा नेपाल सरकारले मलेसियासहित सात प्रमुख गन्तव्य देशका लागि फ्रि भिसा, फ्रि हवाई टिकटको नीतिलाई अवलम्बन गर्ने निर्णय गरेको थियो । वैदेशिक रोजगार व्यवसायीले वैदेशिक रोजगार ऐन, २०६४ तथा विभिन्न समयमा नेपाल सरकारबाट आएका नीति, नियम र निर्णयहरू पूर्णरुपमा पालना गर्दै आइरहेको बताएका छन्, तर शून्य लागतको नीति भने कार्यान्वयनमा आएको पाइँदैन ।

अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)को 'नेपालको न्यायोचित भर्नासम्बन्धी प्रतिवेदन' अनुसार गन्तव्य देशसँग गरिएको सम्झौता पत्रले दुवै पक्षलाई बाध्यकारी श्रमका सबै स्वरुपबाट कामदारको सुरक्षाका लागि कदम चाल्न भनिएको छ । शून्य लागत (रोजगारदाताले सारा खर्च बहन गर्ने)लाई कार्यान्वयन गर्न प्रतिवेदनले जोड दिएको छ । शून्य लागतमा कामदार भर्ना गर्ने भनिए पनि मलेसियाको ग्लोब्स, इलेक्ट्रोनिक्स र प्लन्टेसनमा मात्रै कार्यान्वयनमा छ । मलेसियामा केडीएन एप्रभल (भिसा दिने व्यवस्था)देखि नै चलखेल हुने गर्छ । एजेन्सीहरूबीच पैसाको लेनदेन हुन्छ । शून्य भर्ना शुल्कको सम्झौता मलेसियाले नेपालबाहेक अन्य देशसँग गरेको छैन । नेपाललगायत बंगलादेश, इण्डोनेसिया र फिलिपिन्सले मलेसियासँग श्रम सम्झौता गरिसकेका छन् ।

**ऐनमै समस्या**

वैदेशिक रोगार ऐन, २०६४ मा संशोधन गर्नुपर्ने म्यानपावर व्यवसायीको माग छ । पूर्व स्वीकृतिमा कामको पूर्ण विवरण नखुल्ने भएकाले यो व्यवस्था खारेज गर्नुपर्ने, पूर्व स्वीकृति लिनैपर्ने भए अन्तिम स्वीकृति लिंदा पेस हुने करारनामा मान्य हुने गरी मागपत्रका आधारमा लिनपाउने व्यवस्था गर्नुपर्ने, अनावश्यक खर्च बढाएको हुनाले विज्ञापन गर्नुपर्ने प्रावधानलाई हटाउनुपर्ने, आर्थिक चलखेलले प्रश्रय पाउने भएकोले दफा १७ मा म्यानपावर कम्पनीले छनोट गरेको कामदारको सूची पेस गर्नुपर्ने व्यवस्थालाई खारेज गर्नुपर्ने, दफा १५ मा पूर्व स्वीकृतिका लागि पेस गरेको विवरण दुरुस्त मिलेमा श्रम स्वीकृति दिने प्रावधानको सट्टा करारनामाका आधारमा श्रम स्वीकृति दिने प्रावधान राख्नुपर्नेलगायतका मागहरू छन् । ऐन कामदारमुखी नभएर व्यवसायमुखी भएको गुनासो पनि छ । कामदारको हित पहिलो सर्त हो । कामदार र व्यवसायी सबैको दायित्व ऐनमा तोकिनुपर्छ । वैदेशिक रोजगारीमा गइसकेपछि बिनाआधार काम मन परेन भनेर व्यवसायीलाई दोष दिन पाइँदैन ।

**संवेदनशीलता र जवाफदेहिता**

वैदेशिक रोजगार आफैँमा नराम्रो होइन । वैदेशिक रोजगारीको क्षेत्रमा देखा परेका जोखिम तथा चुनौतिलाई कम गर्दै अवसरहरूबाट बढी मात्रामा कसरी लाभ लिन सकिन्छ भन्ने विषयालाई सकारात्मकरुपमा लिनुपर्छ । वैदेशिक रोजगारका अव्यवस्थापन, ठगी र श्रमिकका पीडातर्फ राज्य संवेदनशील हुन जरुरी छ । विदेश जाने नेपाली कामदारहरू थ्री डी (डर्टी, डेन्जरस र डिफिकल्ट) काम गर्दै थ्री डी (डेथ, डिटेन्सन र डिपोर्टेसन) अर्थात् मृत्यु, जेल र जबरजस्ती देश निकालाको अवस्थामा पुग्न बाध्य हुन्छन् । महिला हिंसा, असमानता, मानवतस्करी र अनियन्त्रित युवा श्रम पलायनलाई निरुत्साहित गर्ने कुरामा कहींकतै र कोहीकसैसँग पनि सम्झौता हुनुहुँदैन । अलेखबद्ध (गैरकानुनी हैसियत) भएकालाई काचममा लगाउने रोजगारदातालाई कारवाही गरिनु पर्छ । कम्पनी छाडेर हिँड्नेलाई काममा नलगाउने हो भने अलेखबद्ध हुने अवस्था आफैं रोकिन्छ । विदेशमा अलपत्र परेका श्रमिकको समस्याको सुनुवाईपछि सम्बोधन गर्दै तिनलाई जोखिमपूर्ण अवस्थाबाट मुक्त गर्न राज्यकै जवाफदेहिताको खाँचो हुन्छ । वैदेशिक रोजगार नेपालीहरूका लागि आर्थिक समृद्धिको अवसर हो र यसबाट नेपालले मनग्य फाइदा लिन सक्नुपर्छ ।

## सामाजिक सञ्जाल



**- निलाम्बर आचार्य**

प्रजातन्त्र भनेको जनतालाई सक्कली वा देखावटी बाझाबाझमा विभाजित गर्नु र आफ्नो तात्कालिक निजी स्वार्थलाई प्राथमिकता दिनु होइन । संयुक्त विचार-विमर्शद्वारा सुसूचित राष्ट्रहितमा एकबद्ध हुनु र गर्नु पनि हो । प्रजातन्त्र कमजोरी होइन शक्ति हो, बुद्धि पुग्नुपर्छ, तरिका जान्नुपर्छ, इमान हुनुपर्छ ।



**- डम्बर खतिवडा**

भन्सार महशुल र भ्याटमा भरपर्ने राज्य न कहिल्यै आफू स्थिर हुन्छ न जनतालाई सुख दिन्छ । जनतालाई पहिले धनी र सुखी बनाउँ, त्यसपछि सम्पति कर र आयकरमा भर पर । त्यसले नधाने राज्य संयन्त्र कटौती गर । उपभोग अधिकारका दृष्टिले कि देशभित्रै उत्पादन हुनुपर्छ कि महँगो भन्सारदर लगाउन पाइँदैन ।



**- सौगात कंशकार**

मन्त्रीहरू नियुक्त हुने हल्ला छ । विश्व अर्थतन्त्र डामाडोल भइरहेको र नेपालमा पनि सबैभन्दा ठूलो चासोको विषय अर्थतन्त्र भइरहेको अवस्थामा सबैभन्दा महत्वपूर्ण नियुक्ति अर्थमन्त्री को हो । नयाँ सरकारले क्रमभंग गरेर एक सक्षम अर्थविद्लाई नै अर्थमन्त्री बनाएमा अधिकांश जनता खुसी हुने निश्चित छ ।



**- चन्द्र श्रेष्ठ**

हिजो त्यो कित्ताले जित्यो, ति खुशी भए ! आज यो कित्ताले जित्यो यि खुशी देखिन्छन् । तर, वास्तविक नेपाली नागरिक खुशी हुने समय चाहिँ कहिले आउला ? व्यवस्था परिवर्तन भयो । नेता-नेतृत्वहरूका जीवन शैलीमा परिवर्तन देखियो । खोइ किन हो गरिबीको रेखामुनि रहेका नागरिकका अवस्थामा परिवर्तन चाहिँ आएन ।




**- विराट अनुपम**

चीनले भाउ र भारतले स्थान दिएन । यो गम्भीर मुद्दा हो । नेपाली नेताले राजनीति र कूटनीति भिन्न-भिन्न डोमेन हो भनेर बुझ्े हुन्थ्यो । जनतालाई ढाँट्न जस्तो सजिलो विदेशी शक्ति र कूटनीति वृत्तलाई ढाट्न छैन । राजनीतिमा प्रत्यक्ष र समानुपातिक मतको म्यान्डेटले पुग्छ । कूटनीतिमा त्यत्तिले पुग्दैन ।

# पूर्ण असफलतातर्फ उदारवादी अर्थनीति

विचार




● खगेन्द्र पौडेल

*नेपालमा पनि उदारवादी अर्थनीति अगाडि बढाउनु हुँदैन भन्ने संकेत नाकाबन्दीमा मुलुकले भोगेको संकट, भूकम्पले सिर्जना गरेको संकट र अहिले समग्र बैंकिङ क्षेत्रमा देखिएको समस्याले गरेका छन् । राज्यले जमिनको उपयोगसम्बन्धी दीर्घकालिन नीति अख्तियार नगरेको अवस्थामा बैंकिङ क्षेत्रबाट जथाभावीरूपमा जग्गा र अनुत्पादक क्षेत्रमा लगानी गर्दा बैंकिङ क्षेत्रमा आजको समस्या देखिएको हो ।*

विश्वमा उदारवादी अर्थनीति पूर्ण रूपमा असफलतातर्फ उन्मूख देखिएको छ । पछिल्लो सातामा मात्रै अमेरिकाका दुई वटा ठूला बैंक बन्द भएका छन् । उदार बजार नीतिअनुसार सञ्चालन भएका अमेरिकी बैंकहरु डुब्नु भनेको उनीहरुले अख्तियार गरेको नीति असफल हुनु हो । कोभिड महामारी पछाडी राष्ट्रवादी, पुँजीवादी वा समाजवादी अवधारणा अवलम्बन नगरेका उदारवादी राष्ट्रहरुमा गम्भीर आर्थिक संकट देखिन थालेका छन् । विगतमा निर्यातबाट नाफा केन्द्रीकरणको नीति अख्तियार गरेका राष्ट्रहरुको निर्यात घट्दा उनीहरुको अर्थतन्त्र नै धर्मराउन पुगेको छ ।

नेपालमा पनि उदारवादी अर्थनीति अगाडि बढाउनु हुँदैन भन्ने संकेत नाकाबन्दीमा मुलुकले भोगेको संकट, भूकम्पले सिर्जना गरेको संकट र अहिले समग्र बैंकिङ क्षेत्रमा देखिएको समस्याले गरेका छन् । राज्यले जमिनको उपयोगसम्बन्धी दीर्घकालिन नीति अख्तियार नगरेको अवस्थामा बैंकिङ क्षेत्रबाट जथाभावीरूपमा जग्गा र अनुत्पादक क्षेत्रमा



लगानी गर्दा बैंकिङ क्षेत्रमा आजको समस्या देखिएको हो ।

निजी क्षेत्रले कुन क्षेत्रमा लगानी गर्ने, खुला सिमाना र आयातको व्यवस्थापन कसरी गर्ने, राज्यभित्रका कुन-कुन उत्पादनका विषयहरुलाई संरक्षित गर्ने जस्ता विषयहरुमा सही नीति निर्धारण नगर्दा वार्षिकरूपमा १० खर्ब रेमिट्यान्स भित्रिँदा पनि त्यसको सही सदुपयोग हुन सकेको छैन । जनताप्रति सामाजिक उत्तरदायीत्व बहन गर्नेगरी राज्यले राजस्व निर्धारण र लगानी क्षेत्र निर्धारण गर्न जरुरी छ । जसले गर्दा राज्य फेरि असफल बिन्दुमा पुग्ने र संकट दोहोरिरहने अवस्था सिर्जना नहोस् । सरकारले बेलैमा आफ्नो अवस्थाबारे ध्यान दिन जरुरी छ ।

नेपालको अर्थनीतिमा आन्तरिकभन्दा बाह्य प्रभाव बढी छ । हाम्रा नीतिहरु विप्रेषण र बाह्य अनुदान केन्द्रीत छन् । यस्तोमा बाह्य प्रभाव सबैभन्दा छिटो हाम्रोमा देखिन्छ । भारतले कुनै वस्तुमा मूल्य बढायो भने त्यसको तत्काल प्रभाव नेपाली बजारमा पर्छ । छिमेकी देशहरु केही विवाद देखिए तत्काले नेपालमा त्यसको असर देखिन थाल्छ । आत्मनिर्भर नभई परनिर्भर खालको आर्थिक संरचना भएको कारण हाम्रो अर्थतन्त्र छिट्टै ढल्ने अवस्था हुनसक्छ । जसरी कोभिडको बेला श्रीलंकाको अर्थतन्त्र ढलेको थियो, बाह्य देशमा समस्या आउँदा हाम्रोमा पनि समस्या कुनै महामारी झैं फैलन सक्छ । यस्तोमा सरकारको नेतृत्व रहने मात्रै होइन, सबै राजनीतिक दलहरुले मिलेर निकास खोज्नुपर्छ ।

अहिलेको हाम्रो अर्थतन्त्रको समस्या के हो, यसको समाधान कसरी गर्ने, अल्पकालिन र दीर्घकालिन समाधानका विधि के हुन् ? गम्भीर मनन् आवश्यक छ । नेतृत्व तहबाट अनावश्यक रुपमा फैलाइएका भ्रमले पनि अर्थतन्त्र बिग्रान काम भइरहेको छ । सरकारको नेतृत्व तहबाटै 'अर्थतन्त्रमा समस्या आयो' भनेर जसरी त्रास सिर्जना गराइएको छ, यसले पनि अर्थतन्त्रको संरचना बिर्गान भूमिका खेलिरहेको छ । आज सहकारी र लघुवित्तमा जुन खालको समस्या छ, यसको कारण सबैभन्दा बढी हौवा नै हो । सहकारी सकियो भन्ने भ्रम जब फैलियो तब, उनीहरु टाट पल्टिने अवस्थामा पुगे । आज लघुवित्त र बैंकहरुविरुद्ध आन्दोलन चलिरहेको छ । यसलाई समयमा नै सम्बोधन गरिएन भने उनीहरुको हालत पनि बचत तथा ऋण सहकारीको शैलीमा हुने निश्चित छ । यसतर्फ सबैको चाँडै ध्यान जाओस् ।

मध्यान्ह दैनिकका लागि लेख, विचार र टिप्पणी इमेल : article.madhyanhadaily@gmail.com मा पठाउन सक्नुहुनेछ । तपाईंले पठाएका सामग्रीलाई उचित स्थान दिइनेछ । - सं.

प्रधानमन्त्रीको आश्वासन

# उद्योगी तथा व्यवसायीले फिर्ता लिए आन्दोलन



तस्बिर: सामाजिक सञ्जालबाट

**नारायण अर्याल/मध्यान्ह**
काठमाडौं, ३० फागुन।

बैंक तथा वित्तीय संस्थाविरुद्ध आन्दोलन गरिरहेका उद्योगी तथा व्यवसायीहरुले आफ्ना विरोधका कार्यक्रमहरु फिर्ता लिएका छन्। उद्योगी व्यवसायीको माग सम्बोधन गर्न सरकार तयार देखिएपछि आन्दोलनका कार्याक्रम फिर्ता लिइएको नेपाल उद्योग वाणिज्य महासंघका उपाध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिए।

उद्योगी तथा व्यवसायीले मंगलबार प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'सँगको छलफलपछि आन्दोलन फिर्ताको घोषणा गरेका थिए। उद्योगी तथा व्यवसायीको समस्यालाई सरकारले गम्भीरताका साथ लिएको र समाधानका लागि पहल गर्ने आश्वासन आएपछि तत्कालका लागि फिर्ता गरिएको श्रेष्ठले जानकारी दिए।

"हामीले उठाएका मागबारे प्रधानमन्त्री आफैं जानकार हुनुहुन्छ। ती विषयलाई गम्भीरतापूर्वक लिएको र ब्याजदर घटाउनका लागि सरकारले पहल गर्ने प्रधानमन्त्रीको आश्वासनपछि हामीले सबै विरोधका कार्यक्रम आजैदेखि फिर्ता लिएका छौं", श्रेष्ठले भनेका छन्।

चर्को ब्याजदरका कारण व्यवसाय गर्न नै कठिन भएको भन्दै उद्योगी तथा व्यवसायीहरु लामो समयदेखि नै आन्दोलनमा छन्। आन्दोलनका कार्यक्रमअन्तर्गत उद्योगी तथा व्यवसायीले सोमबारदेखि नेपाल राष्ट्र बैंकमा धर्ना दिएका थिए।

बताइएअनुसार प्रधानमन्त्रीले संस्थागत निक्षेपकर्तालाई दिने ब्याजदर घटाउने आश्वासन उद्योगी तथा व्यवसायीलाई दिएका छन्। संस्थागत निक्षेपकर्ताका रुपमा सरकारी निकाय कर्मचारी सञ्चय कोष, नागरिक लगानी कोष, सार्वजनिक संस्थानहरु, नेपाली प्रहरी, नेपाली सेना, विभिन्न कल्याणकारी कोष, नेपाल टेलिकमलगायतले बैंकमा पैसा राखेका हुन्छन्।

तर, संस्थागत ब्याजदर घटाउन सरकारको निर्देशन मात्रै पर्याप्त छैन। जसलाई केन्द्रीय बैंकले नै निर्देशन गर्नुपर्छ। यदि संस्थागत निक्षेपकर्ताका ब्याजदर घटाएमा त्यसले बजारमा समग्र प्रभाव पर्नेछ।

## बैंक तथा वित्तीय संस्थाहरुले घटाए ब्याजदर

उद्योगी तथा व्यवसायीले आन्दोलन गरिरहेका बेला बैंक तथा वित्तीय संस्थाहरुले सामान्य ब्याजदर घटाएका छन्। चैत १ गतेदेखि लागु हुने गरी निक्षेपमा शून्य दशमलव चार प्रतिशत र कर्जामा एक प्रतिशत प्रिमियम दर घटाउने निर्णय भएको बैकर्स संघले जनाएको छ।

संघले जनाएअनुसार निर्णय कर्जातर्फको ब्याजदर घटाउनमा केन्द्रित छ। हाल बैंकहरूले कर्जामा आधारदरमा छ प्रतिशतसम्म प्रिमियम लिने गरेका थिए। अब एक प्रतिशत घटेपछि आधारदरमा पाँच प्रतिशतसम्म प्रिमियम दर तोक्नेछन्। यस्तै, निक्षेपतर्फको साधारण बचतमा न्यूनतम छ प्रतिशतदेखि अधिकतम आठ प्रतिशतसम्म ब्याज दिनेछन्।

यसअघि साधारण बचतमा न्यूनतम छ दशमलव ४२ प्रतिशतदेखि अधिकतम आठ दशमलव ४२ प्रतिशतसम्म ब्याजदर तोकिएको थियो। मुद्दती निक्षेपको ब्याजदर भने स्थिर राखिएको छ। हाल बैंकहरूले मुद्दती निक्षेपमा ११ प्रतिशत ब्याज दिइरहेका छन्।

यस्तैगरी, संस्थागततर्फ नौ प्रतिशत र 'रेमिट्यान्स' मुद्दती खातामा १२ प्रतिशत ब्याजदर तोकिएको छ। यस्तै, विकास बैंकहरूको छाता संगठनका रुपमा रहेको डेभलपमेन्ट बैंकर्स एसोसिएसनले चैतका लागि मुद्दती निक्षेपको ब्याजदर शून्य दशमलव २५ प्रतिशतसम्म घटाएको छ।

संघको निर्णयअनुसार विकास बैंकहरूले चैत महिनादेखि एकवर्षे वा सोभन्दामाथिको व्यक्तिगत मुद्दती निक्षेपको ब्याजदर ११ दशमलव ६० प्रतिशत कायम गरेको छ। त्यस्तै, एक वर्षभन्दा कमको मुद्दती निक्षेपको ब्याजदर ११ दशमलव ५० प्रतिशत कायम भएको छ। हाल विकास बैंकहरूले एकवर्षे वा सोभन्दा बढी दुवैको व्यक्तिगत मुद्दती निक्षेपमा ११ दशमलव ७५ प्रतिशत ब्याजदर दिँदै आएका थिए।

यसैगरी, ब्याजदर घटाएसँगै विकास बैंकहरूले चैतमा एकवर्षे वा सोभन्दा माथिको संस्थागत मुद्दती निक्षेपमा नौ दशमलव ६० प्रतिशत र साधारण बचतमा न्यूनतम छ दशमलव ६० प्रतिशतदेखि आठ दशमलव ६० प्रतिशत ब्याजदर प्रदान गर्नेछन्।

यस्तै, नेपाल वित्तीय संस्था संघ (फाइनान्स) ले मुद्दती निक्षेपको ब्याजदर शून्य दशमलव २० प्रतिशतले घटाएको छ। संघले तीन महिनामाथिको निक्षेपको ब्याजदर शून्य दशमलव १५ प्रतिशत घटाउने निर्णय गरेको छ।

फाइनान्स कम्पनीहरूले एक वर्षको मुद्दती निक्षेपमा १२ दशमलव १० प्रतिशत ब्याज दिँदै आएकामा चैत १ गतेदेखि ११ दशमलव ९० प्रतिशत ब्याजदर कायम गरेका छन्।

राष्ट्र बैंकको प्रतिवेदन

# लघुवित्तको निष्क्रिय कर्जा बढ्यो

**काठमाडौं/रासस–** पछिल्लो समय लघुवित्त कम्पनीको निष्क्रिय कर्जा बढ्दै गएको देखिएको छ। नेपाल राष्ट्र बैंकले आज सार्वजनिक गरेको चालु आर्थिक वर्ष २०७९/८० को दोस्रो त्रैमासिक अवधिको 'लघुवित्त वित्तीय संस्थाको गैर-स्थलगत सुपरिवेक्षण प्रतिवेदन'अनुसार निष्क्रिय कर्जा पछिल्लो छ महिना अवधिमा करिब ८३ प्रतिशतसम्म बढेको देखिएको हो।

"पुस मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाको निष्क्रिय कर्जाको अनुपातमा वृद्धि भएको छ। त्यस्तै, खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाको निष्क्रिय कर्जा रकममा उल्लेखनीय वृद्धि भएको छ", प्रतिवेदनमा भनिएको छ।

हाल सञ्चालनमा रहेका ६४ वटा लघुवित्त वित्तीय संस्थामध्ये चार वटा थोक कर्जा प्रदायक र ६० वटा खुद्रा कर्जा प्रवाह गर्ने लघुवित्त संस्था रहेका छन्। चालु आर्थिक वर्षको पुस मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कूल कर्जा रकम गत असारको तुलनामा तीन दशमलव १७ प्रतिशतले बढेर पुस मसान्तसम्म रु ५९ अर्ब ७८ करोड पुगेको छ। त्यस्तै, खुद्रा कर्जा प्रदायक लघुवित्त वित्तीय संस्थाले प्रवाह गरेको कूल कर्जा तथा सापट रकम पुस मसान्तमा रु तीन खर्ब ९१ अर्ब ४४ करोड रहेको छ।

पुस मसान्तसम्ममा थोक कर्जा प्रदायक लघुवित्तको निष्क्रिय कर्जा रु ५२ करोड र खुद्रा कर्जा प्रदायक लघुवित्तको निष्क्रिय कर्जा रु १८ अर्ब ३४ करोड रहेको राष्ट्र बैंकले जनाएको छ। अर्थात् कुल प्रवाहित कर्जामध्ये थोक कर्जा प्रदायकको निष्क्रिय कर्जा शून्य दशमलव ८७ प्रतिशत र खुद्रा कर्जा प्रदायकको निष्क्रिय कर्जा चार दशमलव ६८ प्रतिशत रहेको छ।

गत असार मसान्तसम्ममा खुद्रा कर्जा प्रदायक संस्थाको कूल कर्जामा निष्क्रिय कर्जाको अनुपात दुई दशमलव ५६ प्रतिशत थियो। अर्थात् पछिल्लो छ महिनामा निष्क्रिय कर्जा ८२ दशमलव ६२ प्रतिशतले बढेको छ।

# नेपाल रेमिटमार्फत पठाएको रेमिट्यान्स सिधै आइएमई पे वालेटमा



**काठमाडौं/मस–** आइएमई पे र नेपाल रेमिटबीच रेमिट्यान्स सेवा सम्बन्धि सम्झौता भएको छ। सम्झौता अन्तर्गत विदेशबाट नेपाल रेमिट मार्फत पठाइएको रेमिट्यान्स अब ग्राहकवर्गहरुले सिधै आइएमई पे वालेटबाट प्राप्त गर्न सक्नेछन्।

विदेशमा रहनुभएका व्यक्तिील आफुलाई सहज पर्ने नेपाल रेमिटको साझेदार मार्फत नेपालमा रहनुभएको मित्रजन तथा परिवारलाई पठाउनुभएको रकम सजिलैसँग आइएमई पेमा प्राप्त गर्न सक्नेछन्। नेपालको पहिलो भुक्तानी सेवा प्रदायक आइएमई डिजिटल सोलुसन लिमिटेडद्वारा प्रवर्द्धित आइएमई पे मोबाईल वालेट एप एक विद्युतीय भुक्तानी सेवा प्रदायक हो। आइएमई पे आइएमई ग्रुप अन्तर्गतको डिजिटल वित्तिय सेवा प्रदायक अन्तर्गतको एक उत्पादन हो। नेपाल राष्ट्र बैंकको भुक्तानी तथा फर्छ्यौट विनियमावली - २०७२ बमोजिम आइएमई डिजिटलले दुरसञ्चार सञ्जालको माध्यमबाट मोबाईल वालेट सेवा प्रदान गर्ने पहिलो कम्पनी हो।

आइएमई पे मोबाईल वालेटमार्फत सेवाग्राही आफैले अथवा एजेन्टहरुकोमार्फत विभिन्न किसिमको भुक्तानी कार्यहरु गर्न सक्नेछन। यसले व्यक्ति-व्यक्ति बीचमा हुने सामान्य रकम ट्रान्स्फर गर्ने सुबिधा देखि लिएर विभिन्न अनलाइन तथा स्थलगत स्टोरहरुमा क्युआर स्कान गरी भुक्तान गर्ने, मोबाईल रिचार्ज गर्ने, र विभिन्न घरायसि तथा कार्यालयका बिलहरु भुक्तान गर्न मिल्ने सेवा प्रदान गर्दै आइरहेको छ।

# रियलमीद्वारा आफ्ना 'अचिभर रिटेल डिस्ट्रिब्युटर'हरुलाई स्कुटर वितरण

**काठमाडौं/मस–** विश्वमै सबैभन्दा चाँडो वृद्धि भइरहेको स्मार्टफोन ब्रान्ड रियलमीले आफ्ना ट्रेड पार्टनरहरुलाई स्कुटर वितरण गरेको छ। यस वर्षको दसैंको अवसर पारेर ल्याइएको रिटेल स्किमअन्तर्गत रियलमीको २५० भन्दा बढी स्मार्टफोन सेटहरु बिक्री गर्न सफल २१ विक्रेताहरुलाई टिभिएस एनटर्क स्कुटर उपहारको रुपमा प्रदान गरिएको हो।

२१ मध्ये ७ वटा स्कुटरहरु गत आइतबार नक्सालस्थित जगदम्बा मोबाइल्सको कर्पोरेट कार्यालय लक्ष्मण बाबु भवनमा वितरण गरिएको थियो भने बाँकी सम्बन्धित स्थानमा नै वितरण गरिने कम्पनीले जनाएको छ।

उक्त स्किम अन्तर्गत काठमाडौंको डिजि मल्टी ब्राण्ड शोरुम, युनिक मोबाइल हब, खुलाल ट्रेड लिंक, पिआर ट्रेडर्स, समिप मोबाइल र कालिन्चोक मोबाइल, दमकबाट अम्बे मोबाइल एन्ड इलेक्ट्रोनिक्स, बाग्लुङबाट गौरव इलेक्ट्रोनिक्स, हेटौंडाबाट न्यु युनिक वाच एन्ड मोबाइल सेन्टरले स्कुटर जित्न सफल भएका थिए।

त्यस्तैगरी जनकपुरबाट एम टेक, ओम मोबाइल सेल्स एण्ड सर्भिस, सुनिल मोबाइल, साम्संग मोबाइल् एन्ड इलेक्ट्रोनिक, वीरगन्जको सुजित मोबाइल सेन्टर र श्री गणेश मोबाइल सेन्टर, नेपालगन्जबाट किरण मोबाइल सेन्टर, धनगढिबाट न्यु सिम्रन ट्रेडर्स, न्यु रामेश्वरम सप्लायर्स र दाङको न्यु सभियोग मोबाइल शप र बुटवलबाट निश्चल मोबाइल सेन्टरले स्कुटर जित्न सफल भएका थिए।

# सगरमाथा र लुम्बिनी जनरल इन्स्योरेन्सको एकीकृत कारोबार सुरू




**काठमाडौं/मस–** सगरमाथा इन्स्योरेन्स कम्पनी र लुम्बिनी इन्स्योरेन्स कम्पनीको एकीकृत कारोबार सुरु भएको छ। एकीकृत कारोबारसँगै नयाँ कम्पनीको नाम सगरमाथा लुम्बिनी इन्स्योरेन्स (सलिको) कायम भएको छ।

यी दुई कम्पनी १००:८० को स्वाप रेसियोमा मर्जरमा गएका हुन्। हालसम्म ६ निर्जीवन बीमा मर्ज भई एकीकृत कारोबार सुरु गरिसकेका छन्। सगरमाथा र लम्बिनी इन्स्योरेन्सको मर्ज निर्जीवन बीमा कम्पनीहरुको चौथो मर्जर हो। एकीकृत कम्पनीको अध्यक्षमा लुम्बिनी जनरल इन्स्योरेन्सका मनोहरदास मूल रहनेछ।

प्रमुख कार्यकारी अधिकृतको जिम्मेवारी सगरमाथा इन्स्योरेन्सका चंकी क्षेत्रीले सम्हाल्ने सहमति भएको छ। त्यसै गरी बैठकले साबिकको लुम्बिनी जनरल इन्स्योरेन्स कम्पनी लि. का अध्यक्ष मनोहर दास मुललाई कम्पनीको अध्यक्ष पदमा नियुक्त गरेको र नवनियुक्त अध्यक्ष मुलले आजै नेपाल बीमा प्राधिकरणका अध्यक्ष सूर्य प्रसाद सिलवालज्यू समक्ष पद तथा गोपनीयताको शपथ लिएका छन्।

हाल सगरमाथाको चुक्ता पुँजी १ अर्ब ३३ करोड रुपैयाँ र लुम्बिनी जनरलको एक अर्ब ३१ करोड रुपैयाँ छ। मर्जरपछि यी कम्पनीको चुक्ता पुँजी २ अर्ब ६२ करोड रुपैयाँ पुग्नेछ।

# मुक्तिनाथले ल्यायो 'मुक्तिनाथ विशिष्ट सहज कर्जा योजना'

**काठमाडौं/मस–** मुक्तिनाथ विकास बैंकले 'मुक्तिनाथ विशिष्ट सहज कर्जा' योजना सञ्चालनमा ल्याएको छ। बजारमा देखिएको तरलता संकटसँगै ग्राहकहरुले कर्जा पाउन नसकिरहेको अवस्थामा बैंकले यो योजना ल्याएको जनाएको छ।

यस योजना अन्तर्गत २ करोडसम्मका साना तथा मझौला व्यवसाय कर्जा, कृषि कर्जा, घर कर्जा, अटो तथा हायरपर्चेज कर्जा, शैक्षिक कर्जा, जग्गा खरिद तथा अन्य व्यक्तिगत कर्जा प्रदान गर्ने बैंकले जनाएको छ।

यस योजना अन्तर्गत कर्जा लिन इच्छुक कर्जाग्राहीहरुलाई सम्पुर्ण आवश्यक कागजातहरु पुरा गरेको ३ कार्य दिनभित्रै सस्तो ब्याजदरमा कर्जा स्वीकृत गरी प्रदान गर्ने बैंकले जनाएको छ।

बैंकको अनुसार ग्राहकले मिस्ड कल गरी वा बैंकको वेवसाईटमा गई अनलाईन मार्फत कर्जा आवेदन दिन सक्नेछन्।

मुक्तिनाथ विकास बैंक लि
MUKTINATH BIKAS BANK LTD.

के तपाईको कम्प्युटर, प्रिन्टर, फोटोकपी आदी बिग्रीएकोछ ?
यदी छ भने हामीलाई सम्झनुहोस्।
हाम्रासेवा तथा सुबिधाहरू
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदी खरीद, बिक्रि तथा मर्मत,
- टोनर कार्टेज रिफिल,
- CCTV, EPABX बिक्रि तथा मर्मत,
- अफिसका लागि चाहिने फर्निचरसहित सम्पूर्ण सामानहरु,
- कम्प्युटर / प्रिन्टर / फोटोकपी आदीको बार्षिक सर्भिस।
नुम्स कम्प्युटर्स प्रा.लि.
मो.: ९८४१५६५७९४, ९८०८४७५००२, ९८४१५६५७९५

- मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन्।
- यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं।
- मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानूनी व्यवस्था छ।
- कानूनको पूर्णरुपमा पालना गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

हुप्सेकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
झ्यालवास, नवलपरासी (व.सु.पु.)

बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना

प्रकाशित मिति : २०७९/१२/०१

यस गाउँपालिकाबाट मिति २०७९/०८/११ गते को हिमालय टाइम्स र २०७९/०९/१७ गते को आर्थिक राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार दर्ता हुन आएका बोलपत्रहरु मुल्याङ्कन हुँदा तपशिलका बोलपत्रदाताहरुको बोलपत्र सारभूत रुपमा प्रभावग्राही रहेकाले उक्त बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि बोलपत्र स्वीकृत गर्न सात (७) दिनको आशयको सूचना जारी गरिएको छ।

तपशिल

| क्र.सं. | ठेक्का न. | कामको विवरण | बोलपत्र दाताको नाम | कवोल रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| १. | Hup/Ncb/G/01/079/80 | झो.पुल को लागि स्टिल पार्टस खरिद (Procurement of Fabricated steel Parts for trail Bridge) | गौरव नेपाल इन्जिनीयर्स प्रा.लि, भरतपुर, चितवन | १७,१५,१०६/- |
| २. | Hup/Ncb/W/05/079/80 | रुद्रपुरगढी संरक्षण तथा पर्यटन प्रवर्द्धन कार्यक्रम | दया श्री कन्स्ट्रक्सन प्रा.लि काठमाण्डौ | १,४३,५४,६०३/- |
| ३. | Hup/Ncb/W/06/079/80 | गिरुवारी खोला तटबन्ध | शिवशक्ति कन्स्ट्रक्सन, देवचुली, न.पा. | ७२,२५,७८०/- |

प्रमुख प्रशासकिय अधिकृत

प्रकाशक: सीतादेवी श्रेष्ठ, कार्यालय: कमलपोखरी, काठमाडौं, फोन: ०१-५३२६३६६, ०१-५३२८२९८, ई-मेल: madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन), मुद्रक: एक्सप्रेस कलर प्रेस, सीईओ तथा कार्यकारी सम्पादक : दीपेन्द्रविक्रम तामाङ, सम्पादक: मदनकुमार श्रेष्ठ